का.जि.प्र.का.द.नं. १००/०५९/६०
वर्ष १७, अंक २८८
२२ पुस २०७६, मंगलबार
7 January 2020, Tuesday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/-

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

# नेतृत्व विरुद्ध सानेपामै भेला

०७७ फागुनमा तोकिएको १४औं महाधिवेशन र विभाग संख्या बढाउने निर्णय सच्याउन माग गर्दै केन्द्रीय कार्यालय सानेपामै कांग्रेस जिल्ला सभापतिहरूले भेला आयोजना गरिएको छ । पहिलो दिन बोलेका १४ जिल्ला सभापतिहरूले नेतृत्वले गरेको निर्णय सच्याउन माग गरे ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, पुस २१



प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका जिल्ला सभापतिहरुले केन्द्रीय कार्य समितिको बहुमतबाट गरिएका निर्णय सच्याउन माग गरेका छन् । सोमबारदेखि पार्टी केन्द्रीय कार्यलयमा सुरु भएको जिल्ला सभापतिहरुको भेलामा बोल्ने १४ जना सभापतिहरुले केन्द्रीय समितिको एकलौटी निर्णय सच्याउन माग गरेका हुन् ।

४७ जनाभन्दा बढी सभापतिहरु सहभागी भएको भेलामा मंगलबारसम्म ५१ जना पुग्ने वरिष्ठ नेता रामचन्द्र पौडेलले दाबी गरेका छन् । मंगलबार पनि जिल्ला सभापतिहरुको भेला जारी रहने जनाइएको छ ।

पुस ११ को केन्द्रीय समिति बैठकले आगामी अधिवेशन र महाधिवेशनको प्रयोजनका लागि मात्र भन्दै विधानको धाराहरु निलम्बन गरेको छ । निलम्बित धारामा सदस्यता सम्बन्धि व्यवस्था गरिएको छ र केन्द्रीय समितिले सिधै क्रियाशील सदस्यता दिनसक्ने व्यवस्था गरिएको छ ।

सोमबारको सभापतिहरुको भेला सुरु गर्दै वरिष्ठ नेता रामचन्द्र पौडेलले पुस ११ गते केन्द्रीय कार्यसमितिले बहुमतले गरेको विधानका धारा निलम्बन गर्नेलगायत निर्णय सच्च्याउनुपर्ने विषयमा जानकारी गराएका थिए । बैठकको सुरुमा पौडेलले भने, 'सभापतिजी बहुमतको आधारमा एकलौटी अघि बढ्नुभयो । पार्टीकै इतिहासमा पहिलोपटक बहुमतले महाधिवेशनको मिति घोषणा गर्ने काम भयो । महासमिति बैठकले सर्वसम्मत पास गरेका विधानका धारा केन्द्रीय समितिबाट बहुमतका आधारमा निलम्बन गर्ने निर्णय गरियो । यो विधिसम्मत छैन, सच्याउनुपर्छ ।' पौडेलले सोही विषयहरुमा जिल्ला सभापतिहरुको सुझाव मागे । नेता प्रकाशमान सिंह र महामन्त्री शशांक कोइरालाले पार्टीमा पछिल्लो समय बल्झिएको विवादका विषयमा जानकारी गराएका थिए ।

भेलाका सहभागी रोल्पा जिल्ला सभापति अमरसिंह पुनले देउवा पक्षले कब्जा गर्ने शैलीबाट पार्टी चलाउन नहुने बताए । उनले भने, 'एक वर्षअघि महासमिति बैठकले सर्वसम्मत पास गरेका विधानका धारा कार्यान्वयन नहुँदै निलम्बन गर्ने कार्य स्वीकार गर्न सकिन्नँ ।' आफूहरुको बहिष्कारबीच केन्द्रीय कार्यसमिति बैठकबाट बहुमतले सभापति देउवाले गरेको विधानका धारा निलम्बन गर्ने निर्णय सच्याउन दबाब दिने उनले बताए ।

काभ्रे सभापति मधु आचार्यले महासमितिले बनाएको विधान केन्द्रीय समितिले निलम्बन गर्न नमिल्ने बताए । सभापतिहरुले पार्टीलाई बलियो बनाउन र नेतृत्वलाई सच्चिन दबाब दिने बताए ।

जिल्ला सभापतिहरुको भेलाले पुस ११ गतेको केन्द्रीय कार्यसमितिले बहुमतले १४ औं महाधिवेशन कार्यतालिका घोषणा गर्ने, केन्द्रीय समितिको म्याद ०७७ फागुन १९ सम्म थप गर्ने र विधान विपरीत विभाग संख्या ४७ पुऱ्याउने निर्णय फिर्ता गर्न हस्ताक्षर गरेर सभापतिलाई बुझाउने तयारी समेत गरेको छ ।

## रेल विधेयक

# टिकट नकाटे २५ हजार जरिवाना

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ पुस




सरकारले ल्याएको रेल सञ्चालन सम्बन्धी विधेयकमा टिकट नकाटी रेल चढे २५ हजारसम्म जरिवाना हुने व्यवस्था गरिएको छ । राष्ट्रिय सभामा दर्ता भएको उक्त विधेयकमा सञ्चालनदेखि जरिबानासम्मका व्यवस्था समेटिएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले दर्ता गराएको विधेयममा टिकट नलिई यात्रा गर्ने यात्रुहरुलाई २५ हजार रुपैयाँसम्म जरिवाना साथै टिकटको रकम पनि लाग्ने व्यवस्था गरिएको छ । यसैगरी, रेल दुर्घटना भई यात्रुहरुलाई क्षति भएमा क्षतिपूर्तिको व्यवस्थासमेत विधेयकमा गरिएको छ । यात्रारत कुनै व्यक्तिलाई चोटपटक लागेमा उपचार खर्च एक लाखसम्म दिने व्यवस्था विधेयकमा गरिएको छ । अंगभंग भएमा २ लाख ५० हजारसम्म दिने व्यवस्था विधेयकमा छ । रेल दुर्घटनामा यात्रुको मृत्यु भएमा ७ लाखसम्म क्षतिपूर्ति दिने विधेयकमा व्यवस्था छ ।

तर रेलमा आत्महत्या गरेको खण्डमा क्षतिपुर्ति दिइने छैन । साथै यात्रुको आफ्नै गल्ती वा हेलचेक्र्याइँबाट ज्यान गएमा, कुनै आपराधिक कार्यबाट मृत्यु भएमा, मादक वा नसालु पदार्थ सेवन गरी मृत्यु भएमा वा यात्राका क्रममा प्राकृतिक कारणबाट मृत्यु भएमा क्षतिपूर्ति दिइने छैन । विधेयकले रेलमार्गको सुरक्षा सम्बन्धमा पनि कडा प्राबधान ल्याएको छ । जसमा रेलको लिकमा ढुंगा वा काठ राखेमा ७ वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना गर्ने व्यवस्था गरिएको छ । रेलभित्रको कुनै सामानमा क्षति पुऱ्याए अथवा कुनै संकेतमा हेरफेर गरे पनि ७ वर्ष कैद र एक लाख रुपैयाँसम्म जरिवाना तिर्नुपर्नेछ ।

यसैगरी, भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको नेतृत्वमा रेल बोर्ड गठन गर्ने व्यवस्था विधेयकमा गरिएको छ । बोर्डले बजेट स्वीकृतिदेखि सञ्चालन तथा नियमन सम्बन्धी सम्पूर्ण काम गर्नेछ । बोर्डअन्तर्गत कार्यकारी समिति पनि गठन गर्ने परिकल्पना विधेयकमा गरिएको छ, जसको अध्यक्ष यातायात मन्त्रालयका सचिव हुनेछन् ।

यसैगरी, सरकारले नेपालभित्र होइन, अन्तर-राष्ट्र रेल सञ्चालनको समेत परिकल्पना गरेको छ । विभिन्न देशसँगको सम्झौता र सहकार्यमा नेपाली भूमिबाहेकका ठाउँमा पनि रेल चलाउन सक्ने व्यवस्था विधेयकमा जनाइएको छ । स्वदेशी तथा विदेशी निजी कम्पनीसँग सहकार्य गरेर समेत रेल चलाउन सक्ने व्यवस्था गरिएको छ ।

**चालक बन्न १२ कक्षा उत्तीर्ण**

विधेयकले रेल चालकका लागि शैक्षिक योग्यतासमेत निर्धारण गरिएको छ । विधेयक अनुसार रेलको चालक हुन १२ कक्षा पढेको हुनु पर्छ । चालक नेपाली मात्र हुन पाउने व्यवस्था गरिएको छ । रेल बोर्डबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट बाँकी पृष्ठ २ मा


# झण्डै दुई वर्षपछि श्रम सहचारीहरू नियुक्त

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ पुस

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले साउदी अरब र संयुक्त अरब ईमिरेट्स (यूएई) सहित खाडीका ४ देशका लागि काउन्सेलर श्रम र श्रम सहचारी छनोट गरेको छ । परराष्ट्र मन्त्रालयले दिने तालिम सकेपछि उनीहरु कार्यक्षेत्रमा खटिने छन् । मन्त्रालयले २०७४ माघ २५ र २०७६ मंसिर २६ गतेको सूचना बमोजिम आवेदन दिएकाहरुबाट काउन्सेलर श्रम तथा श्रम सहचारी छनोट गरेको बताएको छ ।

मन्त्रालयद्वारा सोमबार प्रकाशित सूचना अनुसार साउदी अरेबियाको काउन्सेलर श्रममा जीवन कुमार राई र संयुक्त अरेबिया इमेरिट्सको काउन्सेलर श्रममा निर्मला थापाको नाम सिफारिस गरेको छ । राई हाल वैदेशिक रोजगार बोर्डको निर्देशक पदमा कार्यरत रहेका छन् भने थापा सार्वजनिक खरिद अध्यागमन कार्यालयमा उपसचिवको रुपमा कार्यरत छिन् । उपसचिव भुमिश्वर पोखरेललाई काउन्सेलर श्रमको प्रतिक्षा सूचीमा राखिएको छ ।

त्यसैगरी मन्त्रालयले बहराईन र कतारका लागि श्रम सहचारी छनोट गरेको छ । बहराईनका लागि दामोदर दाहाल र कतारका लागि अनुज गौतम छनोट भएका छन् । शाखा



अधिकृत प्रमिला केसीलाई प्रतिक्षा सूचीमा राखिएको मन्त्रालयले जनाएको छ ।

तत्कालीन मन्त्री गोकर्ण विष्टको २० महिने कार्यकालमा रोकिएको नियुक्त प्रक्रियाले मन्त्रालयमा नयाँ मन्त्रीका रुपमा रामेश्वर राय यादव आएपछि गति लिएको हो । मन्त्रालयले पुराना आवेदकहरुलाई गत पुस १३ र १४ गते प्रस्तुतीकरण लिएको थियो । त्यसकै आधारमा काउन्सेलर श्रम र श्रम सहचारी छनोट गरिएको हो । यो नियुक्त २०७४ सालमै टुंगिनु पर्ने थियो । तर २०७४ चैत २ गते मन्त्रालय प्रवेश गरेका तत्कालीन मन्त्री विष्टले पूर्वनिर्धारित कार्यतालिका अनुसारको परीक्षा रोकेका थिए ।

काउन्सेलर श्रममा वैदेशिक रोजगार बोर्डकी तत्कालीन निर्देशक उपसचिव थापा, राई, पोखरेल, श्रम सहचारीमा शाखा अधिकृतहरु पवित्रा घिमिरे, नरेन्द्र कुँवर, अर्जून खतिवडा, अनुज गौतम, राजकुमारी खत्री, प्रमिला केसी, लेखनाथ भट्टराई लगायत आकांक्षी थिए ।

मन्त्रालयले गत मंसिर २६ गते दक्षिण कोरियाको सियोल, कतारको दोहा र मलेसियाको क्वालालम्पुरका लागि काउन्सेलर श्रम र संयुक्त अरब इमिरेट्स (यूएई)को अबुधावी, साउदी अरेबियाको जेद्धा, मलेसियाको क्वालालम्पुर, कुवेतको कुवेत सिटी र ओमानको मस्कटका लागि श्रम सहचारी पदमा निवेदन आह्वान गरेको छ । ३५ दिनको समय दिएर जारी गरिएको सूचना अनुसार नयाँ नियुक्तीका लागि आवेदन आइरहेको बताइएको छ ।

श्रम मन्त्रालयले दक्षिण कोरीया, संयुक्त अरब ईमिरेट्स, साउदी अरेबियाको रियाद, मलेसियाको क्वालालम्पुर र कतारको दोहामा गरी पाँच ठाउँमा राजपत्राङ्कित द्वितीय श्रेणी अर्थात् उपसचिवलाई काउन्सेलर श्रम बनाएर पठाउने गरेको छ भने संयुक्त अरब ईमिरेट्स, कतार, साउदी अरबको जोद्धा, मलेसिया कन्सुलेट अफिस, कुवेत, ओमान र बहराईन गरी ६ स्थानमा राजपत्राङ्कित तृतीय बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# सूचना प्रणाली तालिममा उल्लेखनीय सहभागिता

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार विभागले कार्यान्वयनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सम्बन्धि दुईदिने तालिम वैदेशिक रोजगार व्यवसायीहरुको उल्लेखनीय सहभागितामा सम्पन्न भएको बताएको छ ।

संघले विभागसँगको सहकार्यमा आइतबार र सोमबार व्यवसायी तथा उनीहरुका एक/एक जना कर्मचारीहरुलाई सहभागी गराई विभिन्न चार समुहमा विभागको सूचना प्रणाली बारे तालिम दिएको हो ।

वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार हाल ८ सय ५३ वटा वैदेशिक रोजगार कम्पनी कार्यरत रहेका छन् । तालिममा सञ्चालक र कर्मचारी गरी १ हजार ३ सय जना सहभागी भएको जानकारी दिँदै संघका अध्यक्ष विष्णुप्रसाद गैरेले व्यवसायीहरु विभागको वैदेशिक रोजगार सूचना प्रणालीको प्रयोगप्रति अत्यन्तै गम्भीर र संवेदनशील देखिएको बताए ।

तालिमको आइतबार वैदेशिक रोजगार विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालले उद्घाटन गरेका थिए । आइतबार ईजाजतपत्र नं ७७० सम्म र सोमबार अन्य सबै व्यवसायीहरुलाई तालिम दिइएको थियो । आइतबार तालिम लिन छुटेका व्यवसायी एवं प्रतिनिधिहरु पनि सोमबारको तालिममा सहभागी भएको संघका महासचिव सुजित श्रेष्ठले जानकारी दिए ।

महासचिव श्रेष्ठले संघले कार्यान्वयनमा ल्याउन लागेको म्यानपावर म्यानेजमेन्ट सिष्टम र संघद्वारा सञ्चालनको तयारीमा बाँकी पृष्ठ २ मा

# उच्च जोखिममा किशोरीहरू

**काठमाडौं/मस–** राष्ट्रिय मानव अधिकार आयोगले नेपालमा किशोरीहरु उच्च जोखिममा रहेको तथ्य सहितको प्रतिवेदन सार्वजानिक गरेको छ । 'नेपालमा बाल अधिकार अवस्था २०७६' नामक प्रतिवेदनमा २६ दशमलव ३ प्रतिशत बालबालिका बालबिवाहको प्रत्यक्ष चपेटामा र २६ प्रतिशत बालिकाहरु बेचबिखनमा परेको उल्लेख छ ।

बालविकास खोजतलास केन्द्रको तथ्यांक अनुसार आर्थिक वर्ष २०७५/२०७६ मा २ हजार ४ सय ८१ जना बालबालिका हराएकोमा १ हजार २ सय २४ जना मात्रै फेला परेका छन् । फेला नपरेका १ हजार २ सय ५७ मध्ये अधिकांश बालबालिका बेचबिखन तथा बाल श्रमको शिकार भएको हुन सक्ने आयोगको अनुमान छ । गत आर्थिक वर्षमा ३ हजार ३ सय ३१ जनालाई भारतीय सीमा नाकाबाट फर्काइएकोमा ४६ प्रतिशत महिला र १४ प्रतिशत बालबालिकाहरुको संख्या रहेको प्रहरीको तथ्यांकले देखाएको छ ।

प्रतिवेदन सार्वजानिक गर्दै राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मोहना अन्सारीले मानव बेचबिखन र बालबिवाहका कारण किशोरीहरु उच्च जोखिममा रहेको बताइन् ।

आयोगका अध्यक्ष अनुपराज शर्मा परिवारबाट नै बालबालिकाहरुमाथि विभेद भइरहेको बताए । 'छोरीलाई सरकारी र छोरालाई बोर्डिङ स्कुल पढाउने चलन अहिले पनि रहेको पाइन्छ । वंशज भनेको बाबुबाट मात्रै सुरु हुन्छ आमाको हुँदैन भन्ने कुरा अहिले पनि छ', उनले भने । महिलाले नागरिकता गुमाउन पनि हुन्न भन्ने नेपालको संविधानको भावना विपरित ऐन लागु गर्ने गरिएको अध्यक्ष शर्माको भनाइ थियो ।

आयोगको अध्ययन प्रतिवेदनले जवरजस्ती करणीमा परेको पीडितहरुमध्ये जनजाती र दलित समुदायका धेरै रहेको देखाएको छ । पीडकहरु मध्ये ३० प्रतिशत दलित समूदायका पीडक रहेको प्रतिवेदनले देखाएको छ ।

# पदाधिकारीबारे सहमतिको प्रयास

**काठमाडौं/मस–** प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र सत्तारुढ नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच भेटवार्ता भएको छ । सोमबार देउवा निवास बुढानिलकण्ठमा नेताद्वय बीच भेटवार्ता भएको हो । भेटवार्तामा सत्य निरुपन तथा मेलमिलाप आयोगको पदाधिकारी चयनको विषयमा छलफल भएको बुझिएको छ ।

केही दिन यता आयोगका पदाधिकारीको सिफारिस गर्न गठित समितिको बैठक बस्दै आएको छ । तर, राजनीतिक तहमा सहमति हुन नसक्दा समितिले नाम सिफारिस गर्न सकेको छैन । देउवा र प्रचण्डबीचको भेटमा उक्त विषयमा सहमति खोज्ने प्रयास भएको जनाइएको छ ।

भेटमा कांग्रेस सभापति शेरवहादुर देउवाले सरकारले पछिल्लो समय संबिधान प्रतिकुल हुने गरी केही कानुनको मस्यौदा गरेको भन्दै ध्यानाकर्षण गराएका छन् । जवाफमा दाहालले संबिधान प्रतिकुल कानुन निर्माण हुन नसक्ने भन्दै विवाद भएका विषयमा सदनमै छलफल गरेर त्यसको समाधान निकाल्न सकिने बताएका छन् । भेटमा सदनमा नेकपाकै कारण गतिरोध देखिएको विषयमा समेत देउवाले ध्यानाकर्षण गराएको बताइएको छ ।

तु-आवश्यकता
PRO (Public Relation Officer) - 5 M/F
+2 Passed 1 Year experience in related field.
Business Development Manager/ Corresponding- 5 Female
Must be Fluent in English. Bachelor's Complete. 4 Years Experience in related field. Must have knowledge of E-mail.
DHR Destiny Human Resource Nepal Pvt. Ltd.
G.P.O. Box: 8975 Kathmandu, Nepal Tel.: 01-4111889
9851137085, Email : sanjivkunwar69@gmail.com

तु-आवश्यकता
Documentation officer-2 Female
bachelor Pass
PRO Assistant - 2 Male
+2 Pass
Security Guard-1 Male
Security Guard
पाल्ही ओभरसिज प्रा. लि.



# ‘रामचन्द्र पौडेलले लामखुट्टे मार्न ए.के.४७ पड्काए’

**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री मीन बहादुर विश्वकर्माले रामचन्द्र पौडेल समूहले बोलाएको आफू पक्षधर जिल्ला सभापतिहरुको भेलालाई अवैधानिकको संज्ञा दिएका छन् । उनले भने, ‘उहाँहरुले बोलाउनुभएको आफू पक्षधर जिल्ला सभापतिहरुको भेला नै अवैधानिक छ । उहाँहरुले जसरी सभापतिलाई विधिसंगत ढंगबाट अघि बढेन भनेर आरोप लगाएर विधानविपरित भएको गुनासो गरिर हुनभएको छ, स्वभाविक हिसाबले उहाँहरुले गरिरहेको क्रियाकलापपनि विधानविपरित छ ।’

सोमबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै विश्वकर्माले अघि थपे, ‘कुनैपनि केन्द्रिय कार्यसमितिका ८५ सदस्य र पदाधिकारीमध्ये एक जनाले कुनै औपचारिक कार्यक्रम गर्नको लागि केन्द्रीय कार्यसमितिको स्विकृति लिनुपर्ने हुन्छ । उहाँहरुले जसरी औपचारिक बैठक बस्नको लागि केन्द्रिय कार्यसमितिले औपचारिक निर्णय गरेको छैन् । जिल्ला सभापतिहरुको बारेमा विधानले विधानतः कुनै पनि संगठन मान्दैन् ।’ पौडेल समूहले बोलाउँदा उनीहरुकै समहुका अधिकांश सभापतिहरुले पार्टीलाई जुटाउनेभन्दा फुटाउनेतर्फ प्रेरित गरेकोले आफूहरु आउन नसक्ने भनेर जवाफ दिएको पनि आफूहरुको जानकारीमा आएको उनले स्पष्ट पारे ।

क्लबका सभापति ऋषि धमलाको सभापतित्वमा आयोजित साक्षात्कारमा बोल्दै नेता विश्वकर्माले सभापति शेरबहादुर देउवा विधानविपरित हिंडेको भनेर लगाइएको आरोपमा कुनै सत्यता नभएको जिकिर गरे । उनले भने,‘सभापतिले त्यस्तो गर्नुभएको छैन । नेपाली कांग्रेस केन्द्रिय कार्यसमितिले विधानविपरित केही पनि गरेको छैन् भन्ने कुराको प्रमाण अहिले जसले पार्टी कार्यालयमा अनौपचारिक जिल्ला सभापतिहरुको भेला बोलाएर छलफल गर्दै हुनुहुन्छ उहाँहरुले पेश गर्नुभएको ९ बुँदे प्रस्ताव, त्यसलाई शेरबहादुर देउवा सभापति रहेको केन्द्रिय कार्यसमितिले हुबहु पारित गरिदिएको छ ।’

तर, पौडेल समूहले आफूहरुको अनुपस्थितिमा किन निर्णय गरियो भनेर भनेको कुरामा पनि उनले खण्डन गरे । उनले भने, ‘हाम्रो अनुपस्थितिमा किन पारित गरियो ? भन्ने कुरामा चाहीँ झुक्याएर पारित गरेको होईन् । मंसिर २६ गतेको केन्द्रिय समितिको बैठकमा उहाँहरुको सबै प्रस्ताव मानिदिएपछि उहाँहरुसँग अर्को नयाँ बखेडा थिएन् । त्यही भएर पौडेल समूहको आग्रहमा २ दिन पछि (मंसिर २८ गते) सारिएको स्मरण गराए । उनले भने, ‘मंसिर २८ गते उहाँहरुले प्याकेज भन्ने नयाँ प्रस्ताव ल्याउनुभयो । त्यो प्याकेजलाई नेतृत्वले स्विकार गरिदियो । र, बैठक पुष ४ गते सारियो । ४ गते फेरि उहाँहरुले विषय पाउनुभएन र नेविसंघ र तरुण दलभित्रको प्रतिशतको कुरा उठाउनुभयो । त्यो प्रतिशतमा लगभग लगभग कुरा मिलिसकेपछि अब तेस्रो गुटको बारेमा कुरा उठाउनुभयो ।’

पुष ११ गतेको बैठकमा पौडेल समूह बिना जानकारी अनुपस्थिति भएको पनि उनले सुनाए । उनले भने, ‘उहाँहरुले विधानविपरित सभापति हिड्यो भन्नुभयो । तर, उहाँहरु बैठकमा आउनुभएन् । ४ गतेको बैठकपछि सभापति त असन्तुष्टि नेताहरुको घरघरमा जानुभयो । नेताहरुको कुरा सुनेर उहाँहरुको सबै माग पूरा गरिदिन्छु भनिदिनुभयो ।’ उनले पार्टीलाई कमजोर पार्ने काम कसैबाट पनि गर्न नहुने धारणा राखे ।

यसअघि कार्यसम्पादन समिति २५ सदस्य रहेको बताउँदै त्यतिवेला २९ सदस्यीय बनाइएको उनले सुनाए । त्यतिवेला पनि उनीहरुकै आग्रहमा थपेर २९ सदस्यीय बनाइएको उनको भनाई छ । त्यस्तै, संसदीय बोर्ड बनाउँदा १५ मा ७ सदस्य थपिएको पनि उनले सुनाए । निर्वाचन हारेपछि पौडेल समूहले अवैधानिक कार्यसम्पादन समिति र संसदीय बोर्डले गर्दा चुनाव हारियो भनेर आरोप लगाएपछि सभापतिले दुवै समिति विघटन गरिदिएको पनि उनले सुनाए । उनले भने,‘सभापति त सारै सजिलो मान्छे, जे भन्यो त्यही मान्ने ।’



पौडेल समूहले नेविसंघको तदर्थ समिति बनाउनुपर्ने माग राखेको सुनाए । उनले भने, ‘ उहाँहरुले ३२ माथिको बनाउनुपर्छ भन्नुभयो, त्यो पनि सभापतिले मान्नुभयो । उहाँहरुले ५० प्रतिशत माग्नुभयो । त्यो पनि सभापतिले दिनुभयो । तर, ५० प्रतिशतमा सिटौला समूहलाई पनि दिनुहोस भन्दा उहाँहरुले मान्नुभएन् ।’ सभापति देउवा सहमतिको आदर्श बोकेर हिड्ने नेता भएको उनको टिप्पणी छ ।

पौडेल समूहले अहिले असन्तुष्टिको गीत गाएको उनको आरोप छ । उनले भने, ‘पौडेल समूह अहिले कुनैपनि सांगठानिक महत्व नहुने प्लेटफार्ममा बैठक गरिरहनुभएको छ । २०५५ सालमा सभापति गिरिजाप्रसाद कोइराला रहेको बेला यसैगरि किसुनजीले गुनासो गरेर बाहिर निस्किँदा उहाँले जिल्ला सभापतिहरुको भेला बोलाउनुभएको थियो । त्यो बेला उहाँले किसुनजीका नजिकका १७ जिल्ला सभापतिलाई एकै रातमा पदबिहीन बनाईदिनुभएको थियो । भोलिपल्ट बिहानै प्रवक्ताहरुको खारेजी भएको थियो । केन्द्रिय समिति पूनर्गठन भएको थियो ।’

सभापति देउवाले बरिष्ठ नेता तनहुँ गएको बेला, पाथीभरा गएको बेला वा राति सुतेको बेला बैठक नबोलाएको पनि उनले स्पष्ट पारे । उनले भने, ‘उहाँ बिरामी भएर अस्पताल बसेको बेला बैठक बोलाएको हो ? म प्रश्न गर्न चाहन्छु । होइन ।’

अहिले सभापति देउवाले सानेपामा विपक्षीहरुलाई भेला गर्न दिएको उनले सुनाए । उनले थपे, ‘कुनै होहल्ला छैन् । कहीँ प्रतिक्रिया पनि छैन् । अनि त्यस्तो व्यक्ति तानाशाही हुन्छ ? त्यस्तो व्यक्ति निरंकुश हुन्छ ? अनि त्यस्तो व्यक्ति असक्षम हुन्छ ? पटक्कै होइन ।’ उनले अहिलेको जिल्ला सभापतिहरुको भेला महाधिवेशनलाई लक्षित गरेर सभापतिको बलियो उम्मेदवार शेरबहादुर देउवालाई लाञ्छना लगाएर हिलो छ्यापेर चरित्र हत्या गरेर, बात लगाएर, कमजोर बनाउने मक्शतबाहेक अरु केही पनि नभएको जिकिर गरे ।

उनले सामान्य विषयमा जिल्ला सभापतिहरुलाई पुषको जाडोमा बोलाएर दुःख दिनु राम्रो नभएको भन्दै पौडेल समूहको आलोचना गरे । उनले भने, ‘अहिले देशमा धेरै विषय छन् । विभिन्न विधेयकहरुको बारेमा आलोचना भैरहेको छ । पार्टी त्यतातिर केन्द्रित हुनुपर्छ । यसरी पार्टी चल्दैन् ।’ उनले अगाडि भने, ‘ आजपनि मलाई लाग्दैछ कि सामान्य चित्त दुखाईको कुरामा, नेविसंघमा को मान्छेको सट्टा को मान्छे राख्न ? र कतिजनाको सट्टा कति जना राख्नका लागि सभापतिहरुलाई यो पुषको जाडोमा काठमाडौं बोलाएर यो जुन झमेल गरिरहनुभएको छ, मलाई लाग्छ उहाँहरुले मच्छेड मार्नको लागि उहाँहरुले ए.के.फोर्टी सेभेन पड्काउँदै हुनुहुन्छ ।’

उनले पौडेल समूहको चित्त दुखाई निर्देशित भएकोले सभापति देउवाले चित्त बुझाउन समय लागेको पनि तर्क गरे । उनले भने, ‘अहिले सभापतिलाई कमजोर देखाउने नाममा साथीहरुले जथाभावी, असंवैधानिक, अवैधानिक र अराजनीतिक गतिविधिहरुको पनि अभिव्यक्ति आउन थाल्यो । हिजोमात्रै बरिष्ठ नेताको अभिव्यक्ति चितवनमा देख्नुभयो होला, यदि मान्नुहोला मैले यो मञ्चबाट नेपाली कांग्रेस फलानो मितिबाट रहँदैन भने भने पार्टी चाहीँ रहन्छ तर म चाहीँ रहिँदन् । तर नेताले के भन्नुभयो अब नेपाली कांग्रेस रहँदैन् ।’

उनले अघि थपे, ‘अर्का नेताले के भन्नुभयो कांग्रेस पार्टीमा मत हाल्दाखेरि मेरो हात काँप्छ भन्नुभयो । अर्को नेताले के भन्नुभयो फलानो भूभाग फलानोलाई दिए हुन्छ । यस्तो भन्न पाईन्छ ? अनि उनीहरुचाहीँ पार्टी जोगाउने, पार्टी बचाउने, देश बचाउने, अनि पार्टी सभापतिले भन्नुभयो-लिपुलेक, कालापानी, लिम्पियाधुरा हाम्रो नेपालको हो महामहिम राजदुत, तपाईले के गर्दैहुनुहुन्छ ? यो नक्शा तत्काल खारेज गर्नुहोस भनेर टेलिफोन गर्ने सभापतिलाई चाहीँ सभापतिले त्यसो भन्नुहुँदैन थियो म लज्जित भएको छु भन्ने नेताहरु अहिले यो अभियानमा छन् ।’

उनले प्रतिनिधिसभाको सभामुखको चयन जतिसक्दो चाँडो गर्नपनि आग्रह गरेका छन् । उनले भने, ‘नियतवश यस्तो रिक्तता रहन गएको होईन् । दुर्भाग्यवश, दुर्घटना भयो ।’ उनले सत्तापक्षको आपसी मतभेद र आपसी मतभेदको कारण सिंगो संसदलाई अनिर्णयको बन्दी नबनाउन पनि चेतावनी दिए । उनले भने, ‘संसदीय व्यवस्थालाई प्रभावित गर्नेगरि, सिंगो संसदीय व्यवस्थालाई बद्नाम गर्ने गरी, अन्तर्राष्ट्रिय जगत हसाउनेगरि सभामुखको पद खाली राखिराख्न मिल्दैन् ।’ पुष २७ गते नै सभामुखको निर्वाचनको कार्यतालिका प्रकाशन गर्न पनि उनले आग्रह गरे ।

# नामसोल विश्वविद्यालयको शैक्षिक र ब्यूटिसिएन क्षेत्रमा चासो

**काठमाडौं/मस-** नेपालको चार दिने भ्रमणमा आएको कोरियाको नामसोल विश्वविद्यालयका डिनसहितको प्रतिनिधिमण्डलले नेपालमा शैक्षिक र ब्युटिसिएनको क्षेत्रमा मिलेर काम गर्ने चासो देखाएको छ । नेपालको प्राविधिक शिक्षालाई प्रवर्द्धनका लागि साझेदारी गर्न उक्त विश्वविद्यालय तत्पर रहेको राजधानीमा आयोजित कार्यक्रममा बताइएको छ ।



दक्षिण कोरियाको प्रतिष्ठित नामसोल विश्वविद्यालयका डिन डा. येन थेन यून नेतृत्वको प्रतिनिधिमण्डलसँग नेपालमा ब्युटिसिएन अध्ययन तथा अध्यापन गराइरहेका शिक्षक तथा विद्यार्थीहरुबीच गरिएको अन्तरक्रिया कार्यक्रममा यस्तो बताइएको हो । नेपाल पत्रकार मञ्च तथा नेपालमा ब्युटिसिएन तालिम प्रदान गर्दै आएको व्यवसायिक संस्था आइटिसीले आयोजना गरेको उक्त कार्यक्रममा नामसोल विश्वविद्यालयका डिन डा. यूनले कोरियामा अध्यापन भइरहेको ब्युटिसिएन लगायतका प्राविधिक शिक्षामा इच्छुक नेपाली विद्यार्थीहरुलाई समेत अध्ययन गर्न सहज भएको बताए ।

उनले भने , ‘हामी नेपाली विद्यार्थीहरुलाई दक्षिण कोरियामा अध्यापन हुने जुनसुकै प्राविधिक शिक्षामा अध्ययन तथा अध्यापन गराउन सक्नेछौं, यदि तपाईहरुले दक्षिण कोरियामा आएर आफ्नो प्राविधिक शिक्षामा व्यवसायिक क्षमता बृद्धि गर्न चाहनुहुन्छ भने अबका दिनमा सहज वातावरण सिर्जना भएको छ ।’ आफूहरुले नेपालमा भएका व्यवसायिक शिक्षाका उपलब्धीहरुबाट सिक्न चाहेको र दक्षिण कोरियामा अध्यापन हुने कुनै पनि व्यवसायिक शिक्षाका बारेमा नेपालसँग सहकार्य गर्न इच्छुक भएको समेत कार्यक्रममा डा. यूनले बताए ।

सोही कार्यक्रममा नामसोल विश्वविद्यालयका इन्टरनेशनल एण्ड एक्सटर्नल कोअपरेशन अफेयर्शका व्यवस्थापक चोइ यून जुनले दक्षिण कोरिया नेपालको शैक्षिक विकासका निम्ति जनस्तरमा समेत सहकार्य गर्दै अगाडि बढ्न तत्पर रहेको बताए । यस्तै सोही विश्वविद्यालयकी सहायक प्राध्यापक डा.सिर्जना थापाले नेपालको शैक्षिक विकासका निम्ति दक्षिण कोरियाको नामसोल विश्वविद्यालयले सहकार्य गर्दै अगाडि बढ्न इच्छुक रहेकाले यसलाई नेपाली विद्यार्थीहरुले सदुपयोग गर्नुपर्ने बताइन् ।

अन्तरक्रिया कार्यक्रमका सभापति एवं नेपालको चर्चित सौन्दर्य सम्बन्धि ट्रेनिङ सेन्टर आइटिसीका अध्यक्ष डा. मिन बानियाले आफ्नो संस्थाले ब्युटिसिएनको क्षेत्रमा प्रभावकारी भुमिका खेल्न सक्ने ढंगले काम गरिरहेको जानकारी दिए । सिटीईभिटीबाट मान्यता प्राप्त सो संस्थाले देशभरी शाखा बिस्तार गरिरहेको छ । सो अवसरमा आइटिसिकी शोभा अर्यालले आइटिसीको बारेमा जानकारी दिएकी थिइन् ।

नेपालको प्राविधिक शिक्षालाई दक्षिण कोरियाको प्राविधिक शिक्षासँग कसरी समन्वय गरी यहाँको शैक्षिक विकास गर्न सकिन्छ भनेर अध्ययन गर्न नामसोल विश्वविद्यालयका डिन डा. यून नेतृत्वको प्रतिनिधिमण्डल ४ दिने नेपाल भ्रमण सम्पन्न गरी सोमबार स्वदेश फिर्ता भएको छ । यसैगरी नेपालमा शैक्षिक कार्यक्रमको आदानप्रदान गर्न कलेज अफ सेन्टर स्टेटसँग पनि सम्झौता भएको छ ।

# नगरप्रमुख नै ठेकेदारीमा, जनआक्रोश बढ्दो

**निजगढ/रासस-** कतिपय जनप्रतिनिधिहरू विकास निर्माण कार्यको ठेकेदारीमा आफैँ संलग्न भएको भन्दै आलोचना भइरहेका बेला बाराको कोहल्वी नगरपालिकामा पनि सोही प्रवृत्ति देखिएको छ । विगतमा ठेक्कापट्टाको काम गर्दै आएका नगरप्रमुख भरतबहादुर भण्डारीले जनप्रतिनिधि भइसकेपछि पनि त्यसलाई निरन्तरता दिएको आरोप लागेको छ । नगरप्रमुख भण्डारीले नातागोता र आफन्तमार्फत विकासका काममा एकाधिकार जमाएको भन्दै कोहल्वी नगरपालिकामा विरोधसमेत शुरु भएको छ । अधिकारको दुरुपयोग तथा कर्मचारीसमेत अस्तव्यस्त बनेपछि नगरप्रमुख भण्डारीविरुद्ध अन्य जनप्रतिनिधि र स्थानीयवासी आक्रोशित बनेका हुन् । बाटोको ठेक्का लिई मनलाग्दी खन्दै हिँड्ने, कामको उचित मूल्यांकन नगर्ने तथा ठेक्का प्रणालीलाई प्रश्रय दिने गतिविधिमा नगरप्रमुख भण्डारी संलग्न भएको स्थानीयवासीको आरोप छ ।



नगरप्रमुख भण्डारीले आफ्नै सालालगायतका व्यक्तिमार्फत गत साउनमा निर्माण गरेको सडकको कालोपत्र काम पूरा नहुँदै उप्किएको स्थानीयवासी प्रेमा अधिकारीले बताए । नगरपालिकाभित्रका काममा मात्र नभई प्रदेश सरकारअन्तर्गतका काममा समेत नगरप्रमुख भण्डारीको अनुचित संलग्नता देखिएको स्थानीयवासीको आरोप छ । नगरप्रमुख भण्डारीले कमाउने धन्दामा भन्दा पनि इमान्दारपूर्वक जनताको सेवामा लाग्नुपर्ने जनप्रतिनिधि बलराम अधिकारीले बताए । उपभोक्ता समितिमा आफन्त र आफू अनुकूलका व्यक्तिलाई राखिएको र सोही माध्यमबाट काममा अनियमितता भइरहेको नगरवासीले आरोप लगाएका छन् ।

विकासका काममा आफूसँग भएका उपकरणहरू प्रयोग गर्न वडाहरूले लैजाने गरेको तर आफ्नो कुनै संलग्नता नरहेको नगरप्रमुख भण्डारीको जिकिर छ । स्थानीय र अन्य जनप्रनिधि भने विकास बजेट नगरप्रमुख भण्डारीले आफ्ना आसेपासेलाई मनलाग्दी बाँडेको आरोप लगाइरहेका छन् । निर्वाचित जनप्रनिनिधिमाथि यस्ता गम्भीर आरोप लगाइँदा पनि नियामक निकायले छानबिनमा तदारुकता नदेखाउनु झन् समस्या रहेको स्थानीय जानकारहरूको भनाइ छ ।

# मदन भण्डारी स्वास्थ्य प्रतिष्ठानका लागि जग्गा प्रदान गरिने

**हेटौंडा/मस-** हेटौंडा उपमहानगरपालिकाले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि १२० कट्ठा जग्गा उपलब्ध गराउने भएको छ । प्रदेश नं. ३ सरकारले शिक्षण अस्पतालसमेत सञ्चालन गर्ने गरी हेटौंडामा बन्न लागेको प्रतिष्ठानका लागि जग्गा उपलब्ध गराउन लागिएको उपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतले जानकारी दिए । हेटौंडा-१० को टिसिएन क्षेत्र र हेटौँडा-११ को थानाभञ्याङमा गरी १२ बिगहा जग्गा प्रतिष्ठानलाई उपलब्ध गराउने उनले बताए । यसैगरी प्रदेश सरकारको एकीकृत बस्ती विकास कार्यक्रमका लागि हेटौंडा-८ नगरविकास समितिको पाँच बिगहा, हेटौंडा-१३ वनस्पतिमा रहेको केही र हेटौंडा-१५ फायरलाइनरोडको केही जग्गा उपलब्ध गराउन लागिएको उपमहानगरपालिकाले जनाएको छ ।

त्यसैगरी कृषि सुपर मार्केट, अटो भिलेज, अन्तर ाष्ट्रिय सभाहल, अपाङ्गता पुनर्स्थापना केन्द्र, सेफ हाउस, प्रदेश यातायात निगम, प्रदेश पूर्वाधार निर्माण कम्पनी, राष्ट्रिय परीक्षा बोर्ड, इन्जिनीयरिङ प्रयोगशाला, वासुदेव स्मृति कमर्सियल भ्यू टावर, एकीकृत चार्जिङ स्टेशन, घरेलु तथा औद्योगिक सामग्री घर र पर्यटन सूचना केन्द्र निर्माणका लागि हेटौंडामा जग्गा उपलब्ध गराउन लागिएको प्रमुख महतले जानकारी दिए ।

# पप्पु कन्स्ट्रक्सन कालोसूचीमा

**काठमाडौं/मस-** सरकारले पप्पु कन्स्ट्रक्सनलाई एक वर्षका लागि कालोसूचीमा राखेको छ । सार्वजनिक खरिद अनुगमनको कार्यालयले सोमबार एक सूचना जारी गरी रमण-पप्पु जेभीलाई कालोसूचीमा राखिएको जनाएको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको सार्वजनिक खरिद अनुगमनको कार्यालयले सो कम्पनीलाई एक वर्षको लागि कालोसूचीमा राखेको जनाएको हो । २०७६ साउन २१ गतेदेखि लागु हुने गरि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा १ बमोजिम कालोसूचीमा राखिएको कार्यालयले जनाएको छ । कालोसूचीमा रहेको समयमा रमण-पप्पु जेभीले सार्वजनिक निकायको कुनै पनि खरिद प्रक्रियामा भाग लिन पाउने छैन । हुलाकी सडक निर्देशनालयको सिफारिस अनुसार पप्पु कन्स्ट्रक्सनलाई कालो सूचीमा राखिएको हो ।

पप्पु कन्स्ट्रक्सनले विभिन्न ठाउँमा ठेक्का लिने तर काम अधुरै छाड्ने गरेपछि कालोसूचीमा राख्नु परेको कार्यालयले जनाएको छ । पप्पु कन्स्ट्रक्सनले पूर्वको सुनसरीदेखि पश्चिमको कञ्चनपुरसम्मका २८ वटा पुलको ठेक्का पाएको छ । अधिकांश पुलको समयावधि सकिएको छ । तर, कुनै पनि पुल सम्पन्न भएका छैनन् ।

पप्पु कन्स्ट्रक्सनविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा पनि दायर गरेको छ । पप्पु कन्स्ट्रक्सनका पूर्वअध्यक्ष हरिनारायण रौनियारलाई मुद्दा लगाएपछि उनको सांसद पद निलम्बनमा छ । कम्पनीका अध्यक्ष सुमिन रौनियारविरुद्ध अख्तियारले दायर गरेको मुद्दा पनि विचाराधिन छ ।

# सामूहिक बलात्कारमा संलग्न रहेको आरोपमा पक्राउ

**सिरहा/मस-** सिरहाको गोलबजारमा एक युवतीमाथि आइतबार राति सामूहिक बलात्कार भएको छ । मोवाइल चार्ज गरिदिने बहानामा ती युवतीमाथि सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले सिरहाकै धनगढीमाई नगरपालिका-८ बहुवाडाँडा निवासी सुरेशकुमार यादव र गोलबजार नगरपालिका-२ निवासी सन्तोष महतोलाई पक्राउ गरेको छ ।

सिरहाको विष्णुपुर गाउँपालिका घर भएकी १९ वर्षीया ती युवती घरबाट गोलबजार आइपुग्दा अबेर भएको र मोबाइल स्वीचअफ भएकाले मोबाइल चार्ज गर्न गोलबजार-६ स्थित मनकामना हेयर कटिङ सैलुनमा पुगेकी थिइन् । उक्त सैलुनमा पहिलादेखि नै बसिरहेका यादव र महतोले ‘मेरो डेरामा चार्जर छ, त्यहीँ गएर मोबाइल चार्ज गरौँ’ भन्दै डेरामा लगेर जबरजस्ती करणी गरेको पीडितलाई उदृत गर्दै प्रहरीले जनाएको छ ।

मोबाइल चार्ज गर्न दिएको एक घण्टाभन्दा बढी समय भइसक्दा पनि मोबाइल नदिएपछि मोबाइल लिन महतोको डेराभित्र पसेकी युवतीलाई ढोकाको चुक्कुल लगाएर जबरजस्ती करणी गरेको इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक जनक पुरीले जानकारी दिए ।

घटनापछि सडक पेटीमा आएर पीडित युवती रोएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । तत्कालै पुगेका प्रहरीले युवतीको उद्धार गरी दुवै जनालाई पक्राउ गरेको प्रहरी निरीक्षक पुरीले बताए । पीडित युवती र दुवै युवकको राति नै स्वास्थ्य परीक्षण गरिएको र घटनाबारे थप अनुसन्धान भइरहेको छ । प्रहरीले अन्य स्थानीयको पनि संलग्नता हुनसक्ने आशंका गरेको छ ।

### झण्डै ...

श्रेणी अर्थात् शाखा अधिकृतलाई श्रम सहचारी राख्ने व्यवस्था गरेको छ ।

त्यस मध्ये यूएईका काउन्सेलर श्रम भेष बहादुर कार्की, साउदीको रियादका अम्बिका प्रसाद अधिकारी र कतारमा कार्यरत श्रम सहचारी नरेन्द्र ज्ञवालीको कार्यकाल धेरै अगाडि सकिएको हो । काउन्सेलर श्रम र श्रम सहचारीको कार्यअवधि २ वर्षको हुने व्यवस्था गरिएको छ । तर उनीहरुलाई अर्को व्यवस्था नभएसम्म कामकाज गर्न निरन्तरता दिइएको छ । मन्त्रालय श्रोतका अनुसार थपिएका काउन्सेलर श्रम र श्रम सहचारीहरुको कार्यकाल पुस मसान्तमा सकिँदैछ ।

### सूचना...

रहेको वेब पोर्टलका बारेमा व्यवसायी तथा व्यवसायीहरुका कर्मचारीलाई तालिम दिएका थिए ।

विभागका तर्फबाट कम्प्युटर इन्जिनियर राजु श्रेष्ठ र विपुल ढुंगानाले तालिम दिए । विभागले यसै महिनाको १६ गतेदेखि पूर्ण रुपमा सो प्रणाली लागू गरेको हो । तालिममा सहभागी केही व्यवसायीहरुले पूर्व स्वीकृति भएको १५ दिन भित्र कामदार छनोट गर्नुपर्ने र पटक पटक विज्ञापन गर्नुपर्ने प्रणालीको व्यवस्था झन्झटिलो रहेको प्रतिक्रिया दिए । कतिपय व्यवसायीहरुले विभागले ल्याएको प्रणालीले विदेशस्थित रोजगारदाताहरुलाई समेट्न नसेकको कारण त्यसले अपेक्षित परिणाम दिन नसक्ने टिप्पणी गरेका छन् । प्रणाली राम्रो भएपनि रोजगादाताले डिमाण्ड अनलाईन प्रणालीमा हाल्न नपाए प्रणालीले हालको समस्या समाधान गर्न नसक्ने उनीहरुको टिप्पणी छ ।

सूचना व्यवस्थापन प्रणालीले श्रम स्वीकृतिका लागि व्यवसायीलाई फाईल बोकेर वैदेशिक रोजगार कार्यालय ताहाचल धाउनुपर्ने अवस्थाको अन्त्य र विदेशस्थित नेपाली नियोगबाट प्रमाणीकरण भएको मागपत्र व्यवसायीको इमेल सहित विभागको वैदेशिक रोजगार कार्यालय ताहाचलमा आउनु भने प्रणालीको राम्रो पक्ष भएको अधिकांश व्यवसायीहरुको भनाइ छ ।

ठूलो संख्यामा व्यवसायीहरुलाई सहभागी गराएर तालिम सम्पन्न गरेको भन्दै संघको नेतृत्व भने उत्साहित देखिएको छ । संघको आह्वानमा व्यवसायीहरु स्वतस्फुर्त रुपमा उपस्थित भई तालिममा सहभागी भएर व्यवसायीक एकता र मर्यादाको परिचय दिएको भन्दै अध्यक्ष गैरेले संघका तर्फबाट विभागका कर्मचारी, सबै व्यवसायी, तालिममा सहभागी कर्मचारी तथा सञ्चारकर्मीहरुलाई धन्यावाद दिएका थिए । सम्पन्न भएको तालिमले वैदेशिक रोजगारका क्षेत्रमा गर्नुपर्ने सुधारका काममा अघि बढ्न कार्यसमितिलाई हौसला मिलेको समेत बताए ।

विविध कारणबश तालिममा सहभागी हुन नसकेका व्यवसायी तथा उनीहरुका कर्मचारीहरुलाई पनि विभागसँग समन्वय गरेर प्रणालीका बारेमा जानकारी गराउने बताउँदै अध्यक्ष गैरेले प्रणालीलाई कामदार र व्यवसायीको हितका पक्षमा सुधारको लागि व्यवसायीहरुसँग सुझाव समेत लिन आह्वान गरेका थिए ।

### रेल...

रेल चलाउन योग्य भएको प्रमाणपत्रसमेत चालकले ल्याउनु पर्नेछ । मुख्य चालकले कम्तीमा ५ वर्ष सहचालकको रुपमा काम गरेको हुनुपर्छ ।

विधेयकले चालक र सहचालकको उमेर पनि निर्धारण गरेको छ । चालकको लागि २५ वर्ष र सहचालकका लागि २० वर्ष उमेर पूरा गरेको हुनु पर्नेछ । त्यसैगरी छारे रोग लागेको व्यक्ति चालकका लागि अयोग्य हुनेछ । कमजोर आँखा भएको, बेहोस हुने रोग लागेको व्यक्तिलाई रेलको चालक हुन दिइने छैन । यसैगरी, सरुवा रोग लागेको, मानसिक सन्तुलन ठीक नभएको, नसालु पदार्थ सेवन गरेको व्यक्तिले रेलमा यात्रा गर्न पाउनेछैन ।

# दोहोरो नागरिकता लिने महिला पक्राउ

**ताप्लेजुङ/मस-** दोहोरो नागरिकता लिने एक महिला पक्राउ परेकी छन् । ताप्लेजुङ आठराई-त्रिवेणी गाउँपालिका-१ निघुरादिनकी अनिता तामाङलाई प्रहरीले पक्राउ गरेको हो ।

उनले झुट्टा विवरण दिई दोहोरो नागरिकता लिएको भनी गत मंसिर ४ गते प्रहरीमा उजुरी परेको थियो । झापा बिर्तामोड महानन्द चोकमा लुकीछिपी बसिरहेको अवस्थामा पुस १८ गते पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

तामाङले जिल्ला प्रशासन कार्यालय ताप्लेजुङबाट पहिले श्रीमानको नामबाट र पछि विवाह नभएको विवरण दिई बावुबाट नागरिकता लिएकी थिइन् । झुट्टा विवरण दिइ दोहोरो नागरिकता लिएको सम्बन्धी कसुरमा मुद्दा दर्ता गरी अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी विष्णु खड्काले जानकारी दिए ।

नागरिकता ऐन २०६३ को दफा १३ मा दोहोरो नागरिकताको प्रमाणपत्र लिन नहुने व्यवस्था गरिएको छ ।


## मलेसियामा रोजगार | कम्पनी: PRECIX TECHNOLOGY SDN.BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/०९/२१ | चलानी नं.: ६०१४९६५५ | L.T. No.: 230536

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 7 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २९ गते (14 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 1096/073/074

**Yatra H.R. Solution Pvt. Ltd.**

Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683, 4114542, 9851170598
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com

समितिमा बहस

# छाउगोठमा बसे कडा कारबाही : समिति

## १३ सय छाउगोठ भत्काइयो : गृह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ पुस



संसदको महिला तथा सामाजिक समितिले महिनावारीका बेला छाउगोठमा बस्ने र बस्न लगाउने अभिभावक दुवैलाई कडा कारबाही गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको छ। सोमबार बसेको समितिको बैठकले संस्कारका नाममा गलत व्यवहार गर्ने कसैलाई छुट नहुने भन्दै जसको घरमा यो चलन छ, त्यो घरका अभिभावक र महिलालाई कारबाही गर्ने व्यवस्था मिलाउन गृहलाई निर्देशन दिएको हो । समन्वयका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई समेत निर्देशन दिइएको समिति सभापति नीरुदेवी पालले बताइन्।

समितिले गत वर्ष बाजुरालगायत जिल्लामा स्थलगत अध्ययन गरी अल्पकालीन र दीर्घकालीन सुझावसहितको प्रतिवेदन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाइए पनि कार्यान्वय नभएको र तत्काल रणनीति बनाएर प्राथमिकताका कार्यान्वयनमा ल्याउन पनि निर्देशन दिइएको छ ।

सामाजिक रुपान्तरणको संघारमा राज्य अगाडि बढिरहेका बेला संकीर्ण संस्कारगत नकारात्मक अवशेषको शिकार सोझा नागरिक हुनु दुःखद भएको भन्दै समितिले अमानविय संस्कारगत व्यवहार विरुद्ध सामाजिक ऐक्यवद्धता कायम गराउने वातावरण सिर्जना गर्न महिला, गृह, सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई समेत समितिले निर्देशन दिएको छ ।

यसैबीच, गृह मन्त्रालयका सचिव प्रेमकुमार राईले छाउपडि उन्मुलनका लागि थालिएको अभियान अन्तर्गत अहिलेसम्म करिब १ हजार ३ सय छाउगोठ भत्काइएको बताएका छन् । सबैभन्दा बढी अछाममा ९४९ र सुर्खेतमा तीन गरी पुस २० गतेसम्म १ हजार २७६ छाउगोठ भत्काइएको गृहसचिव राईले जनाएका हुन् ।

समितिको बैठकमा गृहसचिव राईले यो वर्षभित्र छाउगोठ उन्मुलन गर्ने अभियान नै सञ्चालन भएको बताए । उनले सुर्खेतमा १५ सय र अछाममा २५१ र जाजरकोटमा ४ वटा छाउगोठ भत्काउन बाँकी रहेको जनाकारी दिए । सचिव राईले प्रस्तुत गरेको तथ्यांकअनुसार बझाङमा ७, दैलेखमा १७, सल्यानमा २ र जाजरकोटमा १ छाउगोठ भत्काइएका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव यादवप्रसाद कोइरालाले गाउँघरमा अझै किशोरी/युवतीहरुलाई भोली दुःख हुन्छ भनेर डर देखाउने भएपछि उनीहरुपनि छाउगोठमा जान बाध्य भएको बताए ।

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले छाउगोठविरुद्ध जनचेतनामुलक कार्यक्रमका लागि १ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। जनचेतना कार्यक्रमले महिनावारीको समयमा विद्यालय जान नपाउने अवस्थाको अन्त्य गर्न र पौष्टिक खाने कुराको उपलब्ध गराउन सहयोग पुग्ने मन्त्रालयले जनाएको छ ।

समितिको बैठकमा सांसदहरुले जनप्रतिनिधिहरुको घरममा यस्ता खालको कुप्रथा रहेको उल्लेख गर्दै अभियानको सुरुवात गर्न स्थानीय सरकारलाई सक्रिय बनाउनुपर्ने, धार्मिक अगुवाहरुलाई कानूनको विषयमा जानकारी गराउनुपर्ने सुझाव दिएका थिए ।

सांसद लक्ष्मी परियारले कमजोर मानसिकता र गरिबीका कारण छाउपडि प्रथा उन्मुलन हुन नसकेको बताइन् । धार्मिक अगुवाहरुलाई कानूनको विषयमा जानकारी गराउने र उनीहरुलाई कानूनको दायरमा ल्याउन सके अभियान सफल हुने उनले बताइन् ।

सांसद विमला नेपालीले सुदूरपश्चिम र कर्णालीमा मात्रै नभएर काठमाडौंमा पनि जातिय भेदभाव अझै रहेको बताइन् । काठमाडौंमा कोठा खोज्न जाँदा जात, थर सोध्ने गरेको र दलित भन्ने थाहा नपाएपछि कोठा नै नपाइने अवस्था रहेको उनको भनाइ थियो ।

सोमबार समितिमा छाउपडि उन्मुलनका लागि भएका प्रयास र परिणाम सम्बन्धमा छलफल भएको हो । कञ्चनपुर, कैलाली, बैतडी, डडेल्धुरा, दार्चुला, डोल्पा, रुकुम पश्चिम लगायतका जिल्लामा छाउगोठ नभएको जानकारी समिति बैठकमा दिइएको छ ।

आरक्ष पीडितहरुको समस्या हल गर्ने विषयमा

# तीन मन्त्रीबीच छलफल



**काठमाडौं/मस-** कञ्चनपुर जिल्ला स्थित शुक्लाफाँटा वन्यजन्तु आरक्ष (राष्ट्रिय निकुञ्ज) विस्तारका कारण विस्थापित भएका परिवारलाई उचित व्यवस्थापन गर्ने सम्बन्धमा वन तथा वातावरण मन्त्री शक्ति बस्नेत, भूमि व्यवस्था मन्त्री पद्मा अर्याल र खानेपानी मन्त्री बिना मगरबीच छलफल भएको छ ।

कञ्चनपुरका आरक्षा पीडितहरुको मागलाई छिटो भन्दा छिटो सम्बोधन गर्न तीनै जना मन्त्रीले प्रतिबद्धता व्यक्त गरेका छन्। उक्त क्षेत्रका पीडित जनताका समस्या समाधान गर्न खानेपानी मन्त्री मगरले अगुवाईको भूमिका खेलिरहेकी छिन् ।

यसअघि पनि आरक्षा पीडितहरुले वन तथा वातावरण बस्नेतसँग भेट गरी घरबारविहीन भएका नागरिकलाई उचित व्यवस्थापन गर्नुपर्ने माग राखी ध्यानाकर्षण गराएका थिए ।

छलफलमा वन मन्त्री बस्नेतले घरबारविहीन भएका उक्त क्षेत्रका जनताको उचित बसोबासका लागि व्यवस्थापन चाँडो गर्नुपर्ने बताएका छन्। उनले संकटकालको समयमा आरक्षबाट पीडित हुँदै आएका भूमिहीन जनताको व्यवस्थापनमा सरकार गम्भीर रहेको बताए ।

त्यस्तै भूमि व्यवस्था मन्त्री अर्याललले पनि घरबारबिहीन आरक्ष पीडितहरुको मागलाई सम्बोधन गर्न आफू सकारात्मक रहेको प्रतिक्रिया जनाइन्। मन्त्री अर्यालले जग्गाविहीन परिवारलाई उचित क्षतिपूर्ति दिन पहल गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

२०५८ सालमा शुक्लाफाँटा वन्यजन्तु आरक्षण विस्तारका क्रममा तत्कालीन सरकारले जिल्लाका दश गाविस रौतेली बिचुवा, बेल्डाँडी, रामपुरविलासपुर, लक्ष्मीपुर, पिपलाडी, झलारी, दैजी, सुडा, देखतभुली र कृष्णपुर लगायतका स्थानबाट बस्ती विस्थापित गरेको थियो। विस्थापित भएका परिवारले हालसम्म पनि जग्गा पाउन सकेका छैनन्।

माओवादी द्वन्द्वको संकटकालका बेला विस्थापित भएका परिवारहरू शिविर बनाएर अझै पनि खुला आकाशमुनि जीवन बिताइरहेका छन् । लामो समयदेखि शिविरमा टहरा बनाएर बस्दै आएका विस्थापित परिवारले जग्गा दिएर भएर पनि सरकारले समस्याको समाधान गर्नुपर्ने माग राख्दै आएका छन् ।

# एक लाख ३५ हजार श्रमिक सामाजिक सुरक्षामा सामेल

**काठमाडौं/मस-** योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी हुनेको संख्या बढ्दै गएको छ। शुक्रबारसम्म सामाजिक सुरक्षा कोषमा एक लाख ३५ हजार ६८३ योगदानकर्ता सूचीकृत भएका छन्। यस्तै ११ हजार ९७८ रोजगारदाता पनि कोषमा आबद्ध भएका छन् । सबैभन्दा बढी प्रदेश नं ३ बाट ९७ हजार ७३४ श्रमिक योजनामा सहभागी भएका छन् । प्रदेश नं १ बाट २१ हजार ३२१, प्रदेश नं २ बाट सात हजार ७०९, गण्डकी प्रदेशबाट पाँच हजार ५३, प्रदेश नं ५ बाट तीन हजार २३६, सुदूरपश्चिम प्रदेशबाट ४६१ र कर्णाली प्रदेशबाट १६९ श्रमिक सूचीकृत भएको कोषले जनाएको छ । रोजगारदाताको आबद्धता प्रदेश नं ३ बाट बढी देखिएको छ । सो प्रदेशबाट सात हजार ९९६ रोजगारदाता कोषमा सूचीकृत भएका छन् । प्रदेश नं १ बाट एक हजार ८६०, प्रदेश नं ५ बाट ८५६, गण्डकी प्रदेशबाट ५४८, प्रदेश नं २ बाट ४७१, सुदूरपश्चिम प्रदेशबाट १२७ र कर्णाली प्रदेशबाट १२० रोजगारदाता कोषमा सूचीकृत भएका छन् ।

कोषमा रु ३८ करोड ५३ लाख ७० हजार २५८ योगदान रकम संकलन भएको छ । सूचीकरण प्रक्रियामा ७४ जिल्ला समेटिएका छन् । कोषमा योगदान गर्ने तीन योगदानकर्ताका परिवारले आर्थिक सहायता प्राप्त गरेका छन् ।

गत मंडिसर ११ गते शुभारम्भ गरिएको योगादनमा आधारित सामाजिक सुरक्षा योजनामा श्रमिक तथा रोजगारदाताको सहभागिता उत्साहजनक देखिएको छैन । केन्द्रीय तथ्यांक विभागको अध्ययन अनुसार नेपालभर करिब ९ लाखको हाराहारीमा प्रतिष्ठान दर्ता भएका छन्। ती प्रतिष्ठानमा करिब २४ लाख बढी श्रमिक आबद्ध रहेको बताइन्छ ।

कोषले चार प्रकारको सामाजिक सुरक्षा योजना सञ्चालनमा ल्याएको छ। औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजनाबाट योगदानकर्ताले सामाजिक सुरक्षा प्राप्त गर्नेछन् ।

# लागुऔषधसहित पेस्तोल र गोली बरामद

**सप्तरी/मस-** सशस्त्र प्रहरीले छिन्नमस्ता गाउँपालिका-३ गोबिन्दपुरबाट एक थान कटुवा पेस्तोल, दुई राउण्ड गोली र लागुऔषध फेला पारेको छ। बेबारिसे अबस्थामा फेला परेको हतियार र लागुऔषध सोमबार आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी गण नम्बर ६ का सशस्त्र प्रहरी उपरिक्षक उद्धब न्यौपानेले जनकारी दिए ।

सशस्त्र प्रहरी बल बेस क्याम्प गोविन्दपुरका सशस्त्र प्रहरी निरीक्षक नबिन बुढाथोकीको कमाण्डमा खटिएको टोलीले कटुवा पेस्तोल र गोलीसहित डाईलेक्स डि.सि.१०० मिलिलिटरको १५ बोतल बरामद गरेको हो। गस्ती गर्दै जाँदा बाँसको झ्याङमा प्लाष्टिकको झोलामा लागु औषध, पेस्तोल र गोली फेला पारेको बुढाथोकीले बताए ।

# बलात्कार आरोपमा पक्राउ

**लहान/मस-** सिरहाको गोलबजारमा एक युवतीमाथि गएराति सामूहिक बलात्कार भएको आरोपमा प्रहरीले सिरहाकै धनगढीमाई नगरपालिका निवासी सुरेशकुमार यादव र गोलबजार नगरपालिका निवासी सन्तोष महतोलाई पक्राउ गरेको छ । मोवाइल चार्ज गरिदिने बहानामा ती युवतीमाथि सामूहिक बलात्कार भएको प्रहरीले जनाएको छ।

सिरहाका १९ वर्षीया ती युवतीलाई मोबाइल चार्ज गर्ने नाममा कोठाभित्र लगेर जबरजस्ती करणी गरेको इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक जनक पुरीले जानकारी दिए । घटनापछि सडक पेटीमा आएर पीडित युवती रोएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। तत्कालै पुगेका प्रहरीले युवतीलाई उद्धार गरी दुवै जनालाई पक्राउ गरेको प्रहरी निरीक्षक पुरीले बताए। पीडित युवती र दुवै युवकको राति नै स्वास्थ्य परीक्षण गरिएको जनाइएको छ ।

# चरेशसहित एक जना पक्राउ

**काठमाडौं/मस-** नेपाल प्रहरीले नागढुंगाबाट चरेशसहित एक जनालाई पक्राउ गरेको छ । महानगरीय प्रहरी प्रभागबाट खटिएको टोलीले धादिङबाट काठमाडौं आउँदै गरेको प्रदेश ३-०१-००५ ख ९५७३ नम्बरको यात्रुबाहक बसमा अवैधरुपमा चरेश ल्याउँदै गरेको अवस्थामा पर्सा छिपरमाई गाउँपालिका-६ का ३४ वर्षीय शम्भु साहलाई सोमबार दिउँसो पक्राउ गरेको हो ।

महानगरीय प्रहरी वृत्त थानकोटका प्रमुख, प्रहरी नायब उपरीक्षक घनश्याम श्रेष्ठले झोलामा लुकाएर ल्याएको अवस्थामा ५०० ग्राम चरेशसहित साहलाई पक्राउ गरेको जानकारी दिए । पक्राउ परेका साहलाई लागुऔषध (नियन्त्रण ऐन) २०३३ अनुसार कारवाही गरिएको प्रहरीले जनाएको छ ।

# राप्रपाले तीन दिन पृथ्वीजयन्ती मनाउने

**काठमाडौं/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टीले पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस यही पुस २६ देखि २८ गते तीन दिनसम्म उत्सवका रूपमा मनाउने भएको छ । पार्टीले देशभरका सबै जिल्ला कार्यसमितिले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको योगदान एवं नेपालको एकीकरणको अभियानप्रति श्रद्धा, सम्मानलगायत अन्य विविध कार्यक्रम आयोजना गर्न निर्देशन दिएको छ। यही पुस २७ गते पार्टीले पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा शुभकामना तथा चियापान आयोजना गर्नेछ ।




सामाजिक जीवनका लब्धप्रतिष्ठित व्यक्ति तथा पार्टी सदस्यहरूको सहभागिताका लागि दश हजार निमन्त्रणा कार्ड वितरण गरिने पार्टीका नेता देवेन्द्र प्रधानले जानकारी दिए। सोही दिन पार्टीको कलासाहित्य विभागले कवि गोष्ठी, ट्रेड युनियन महासंघले रक्तदान कार्यक्रम गर्नेछ भने २८ गते सम्पूर्ण भ्रातृ संगठनको संयुक्त आयोजनामा राष्ट्र निर्माणमा शाहको योगदानसम्बन्धी प्रवचन गोष्ठी आयोजना गर्ने जनाइएको छ ।

राष्ट्र निर्माता शाहको दूरदर्शिता र साहसिक नेतृत्वमा नेपाली जनताको साझा प्रयासबाट वर्तमान नेपालको निर्माण र एकीकरण सम्भव भएकाले हामीले आफूलाई नेपाली हौँ भन्ने पहिचान र गौरव प्राप्त गर्न पाएको हुँदा दिवस मनाउन लागिएको नेता प्रधानले बताए । पार्टीले यही पुस २७ गते सार्वजनिक बिदाको समेत माग गरेको छ ।


तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ। मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ।
Get your skill for your future carrier



✓ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✓ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✓ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✓ FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.
G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com



## सम्पादकीय

# प्रविधिको उपादेयता

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जाने कामदार हरूलाई दिइने श्रम स्वीकृतिको कामलाई सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस) मार्फत दिने प्रक्रिया औपचारिक रूपमा शुरू गरिसकेको छ । २०७५ असोज १५ गतेदखि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीलाई औपचारिक शुरूवात गरेको विभागले अंग्रेजी नयाँ वर्ष सन् २०२०को पहिलो दिन जनवरी एक तारिख देखि श्रम स्वीकृतिका लागि पेश भएका फाईलमा पूर्व र अन्तिम श्रम स्वीकृति प्रदान गरेको छ । विभागले विदेशबाट आउने मागपत्र, करारपत्र लगायतका कागजी प्रक्रियालाई सरलीकृत गर्ने र श्रम स्वीकृतिको प्रक्रियामा सकेसम्म म्यानपावर कम्पनीका श्रम प्रतिनिधि तथा विभागका कर्मचारीहरूलाई प्रत्यक्ष भेटघाट नगराउने उदेश्य लिएको बताएको छ ।

मुख्य रूपमा विभागको नियन्त्रणमा रहने यस प्रणालीमा वैदेशिक रोजगारीमा जाने कामदार,म्यानपवार व्यवसायी, बिमा कम्पनीहरू, राहदानी विभाग, अध्यागमन विभाग, वैदेशिक रोजगार बोर्ड , विदेशस्थित नेपाली कुटनीतिक नियोग, बैंक, कन्सुलर सेवा विभाग, तालिम प्रदायक संस्था, मेडिकल तथा श्रम रोजगार कार्यालय गरी एक दर्जन बढी संस्थालाई आबद्ध गरिएको छ । विभागले सञ्चालन गर्ने यो प्रणाली संरचनागत हिसावले जटिल देखिन्छ । यस प्रणालीबाट दिइने श्रम स्वीकृति जति आकर्षक देखिन्छ, कार्यविधिका रूपमा त्यत्तिनै जटिल रहेको छ । उल्लेखित संस्थाहरू मध्ये कुनै एक संस्थाको उदासिनता वा लापरवाहीले सिंगो प्रणालीलाई निष्कृय बनाउन सक्ने देखिन्छ । यसमध्ये विभागले विदेशस्थित नेपाली नियोग र बीमा कम्पनीबाट पर्याप्त सहयोग नहुने हो कि भन्ने आशंका शुरूमै गरेको छ ।

कतिपयले नेपालको वैदेशिक रोजगार क्षेत्रमा स्वच्छ र विश्वसनीय प्रशासनको अभाव रहेको टिप्पणी गर्ने गर्दै आएका छन् । धेरैले यस विषयमा वैदेशिक रोजगार व्यवसायीलाई मात्र जिम्मेवार देखाउने प्रयास पनि गरिरहेको पाइन्छ । तर नेपालको दूरदराज ग्रामीण क्षेत्रमा बस्ने रोजगार आकाक्षी युवा युवती देखि विज्ञान र प्रविधिका दृष्टिले अत्याधुनिक मुलुकहरू वैदेशिक रोजगारको एउटै चक्रमा सामेल हुने गरेका छन । उनीहरूलाई जोड्ने र प्रशासनिक रूपमा झन्झट मुक्त प्रणालीको सुनिश्चितता कायम गर्ने यस्तै प्रणालीले हो । त्यसैले यो प्रणाली सरल र सेवाग्राही मैत्री हुन जरूरी छ ।

प्रयोगमा आएको प्रणालीका विशेषताका बारेमा अधिकांशको सहमति र सकारात्मक टिप्पणी पाइएको छ । तर कामदार छनोट प्रक्रियामा रोजगारदाता र ईजाजतपत्रवाला अर्थात् म्यानपावर कम्पनीको निर्णायकत्व सुनिश्चित हुनुपर्ने माग पनि जोडदार रूपमा उठेको छ । कतिपयले यो प्रणालीलाई नेपाल सरकारले निजामती सेवाका कर्मचारी छनोट गर्न प्रयोग गर्ने लोकसेवा विधिको अनुशरण गर्न खोजेका कारण झन्झटिलो भएको टिप्पणी गरेका छन् । कतिपयले विदेशस्थित रोजगारदातालाई यो प्रणालीमा नसमेटिएसम्म अपेक्षित परिणाम दिन नसक्ने सुझाव दिएका छन् । प्रणालीको प्रभावकारीताका लागि यसका विशेषता समयसापेक्ष परिवर्तन गर्न सक्ने लचक तुल्याउनु जरूरी छ । ताकी प्रविधिले कार्यसम्पादन प्रणलीलाई सहज, सरल र छरितो बनाउने हो न कि झन्झटिलो, अव्यवहारिक र दुरूह भन्ने महसुस सेवाग्राहीले गर्नु परोस् ।

## सामाजिक सञ्जाल



प्रत्यक्ष निर्वाचन मा जनता ले पराजित गरेको पात्र हरु "सांसद, मन्त्री वा प्रधानमन्त्री" बन्न खोज्नु आफैंमा मतादेशको अपमान हो । शहरमा राजनीतिक भिखारीहरूको बिगबिगी बढ्दै छ ।

**- राजेश अहिराज**




सरकारी दुस्ख त छिमेकतिर पो रहेछ। सरकारले ल्याएका विधेयकको पक्षमा समर्थन जनाउनका लागि 'मिस्ड कल' गर्न भन्दै गृहमन्त्रीको ट्विटर खातामा दिइएको नम्बर र शारीरिक सम्बन्धका लागि दिइएको नम्बर एउटै पाइएपछि चलचित्र निर्देशक अनुराग कश्यप लगायतले चरणदासहरूको खिल्ली उडाइरहेका छन् ।

**- गनी अन्सारी**



नेपालको विभिन्न सेवा आयोगको प्रतिस्पर्धामा हजारौं प्रतिस्पर्धीलाई उछिनेर सर्बश्रेष्ठ योग्य भई नियुक्ति पाएका अब्बल ब्यक्तिहरूले जनतालाई दिने सेवा र गर्ने ब्यबहार पनि लाखौं प्रतिस्पर्धी भन्दा सर्बश्रेष्ठ र सबैले सधै प्रशंसा गर्न लायक हुन सक्नु पर्दछ भन्ने जन अपेक्षा सदैव रहन्छ ।

**- कल्याण गुरूङ**



जनमतबाट अस्वीकृत 'नेता' प्रधानमन्त्री हुन्छु भन्छ । उसैका लागि विधान संशोधन गर्छ उसको पार्टी । चुनाव हारेकाहरू दावा गर्छन्-संसदमा हाम्रो आवश्यकता छ । त्यही संसद जनताको मौलिक हक नियन्त्रण गर्न उद्यत हुन्छ । प्रधानमन्त्री रमिता बनाउँछन्, प्रतिपक्षीको स्वर 'म्याउँ' बराबर ।

**- रूपेश श्रेष्ठ**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# सुशासनको अनुभूति कहिले ?



■ रमेश खड्का

> ३३ किलो सुनकाण्ड, वाइड वडी र न्यायोवडी जहाज खरिद प्रकरण, विदेशमा निर्यात गरिएको नेपाली कालो धन तथा तिनको ओसार प्रसार प्रकरण, यातायात सिण्डिकेट, मेलम्ची खानेपानीमा भएको खेलवाड, बुढीगण्डकी आयोजना, ललिता निवास वालुवाटारको जग्गा काण्ड, गोकर्ण रिसोट प्रकरण, दरवारमार्गको सरकारी जग्गा प्रकरण, एनसेल करछली जस्ता काण्ड सबैमा सरकार समर्थित दलका नेता कार्यकर्ता संलग्न रहेको पाइयो ।

शक्तिशाली कम्युनिष्ट सरकारले सुशासनको डम्फु बजाएको २२ महिना पारगरिसकेको छ। यद्यपी सुशासन संकट झन बढ्दो रुपमा छ। जानेर होस् या नजानेर सरकार भ्रष्टाचार र अधिनायकबादी शासनसत्तातिर उन्मुख छ। यो प्रतिपक्षी दल नेपाली कांग्रेसले मात्र लगाएको मित्था आरोप होइन । स्वयं नेकपाका माथिल्लो तहका नेताले पनि यसै भनिरहेका छन् । गत वर्षको संसद चलिरहेको वेला नेकपा नेता तथा पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले समेत देश डुब्न लाग्यो कोही माझी छ भने डुब्नबाट बचाइदेऊ भन्नुको तात्पर्य सरकार भ्रष्टाचारमा लिप्त रहेको पुष्टि हुन्छ । भ्रष्टाचार सुशासनको विपरित स्थिति हो । प्रधानमन्त्रीको रुपमा रहेका केपी शर्मा ओलीले वारम्बार आफूले भ्रष्टाचार नगर्ने अरुलाई पनि भ्रष्टाचार गर्न नदिने प्रतिबद्धता दोहोऱ्याउनु भएको छ। भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाउने नीतिगत उद्घोष पनि गरिरहनु भएको छ। तर पछिल्लो समयमा राजनीतिक आडमा नीतिगत र भएका नीतिको छिद्रमा भ्वाङपारी भ्रष्टाचार गर्ने प्रवृति मौलाउदो छ ।

वर्तमान सरकराले आफ्नो नीति र कार्यक्रम सुशासन सहितको समाजवाद उन्मुख निर्दिष्ट गरेपनि व्यवहारमा भ्रष्टाचार उन्मुख अधिनायकवाद तर्फको यात्रामा अघि वढेको छ। उसका कपियत क्रियाकलापले यसको पुष्टि पनि गरिसकेका छन् । मुलुकमा भ्रष्टाचार तथा अनियमितताको नियमन तथा नियन्त्रण गर्ने संस्थाहरु पर्याप्त छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, संसदको लेखासमिति, राजस्व अनुसन्धान विभाग, विशेष अदालत, सम्पत्ति शुद्धिकरण विभाग, राष्ट्रिय अनुसन्धान विभाग ,राष्ट्रिय सतर्कता केन्द्र लगायतका संवैधानिक तथा विभिन्न सरकारी निकाय छन् । राज्यले यस संवैधानिक तथा अन्य निकायहरुमा अवौं रुपैयाँ भ्रष्टाचार नियन्त्रण गर्न अर्थात सुशासन कायम गर्न खर्च गरेको छ। तापनि के कारणले सुशासनको स्थिति झन खस्कंदो छ ? यस सम्बन्धमा गहन तरिकाले अध्ययन अनुसन्धान हुन जरुरी छ ।

मुलुक अहिले भ्रष्टाचारबाट आक्रान्त छ । भ्रष्टाचार कहाँ छ भनेर खोज्नु भन्दा पनि भ्रष्टाचार कहाँ छैन भनेर खोज्नु पर्ने स्थिति छ । जहाँ हेऱ्यो त्यहीं भ्रष्टाचारको जाल बुनिरहेको देखिन्छ । नेपाली राजनीतिमा दलहरुको आडमा भ्रष्टाचार मौलाइरहेको छ। त्यसमा पनि सत्ता संचालन गर्ने दल भ्रष्टाचारमा लिप्त छ । कतिपय अवस्थामा प्रतिपक्षी दल र सत्ता पक्षको मिलीभगतमा भ्रष्टाचार हुने गर्दछ । अहिले भ्रष्टाचारको मुल जरो नै राजनीति भएको छ । त्यसपछि कर्मचारीतन्त्रलाई लिन सकिन्छ । जसरी हुन्छ शक्ति र सत्ता हत्याएर त्यसको दुरुपयोग गरी आफ्नो मान्छेलाई भर्ती गर्ने र अनि त्यसलाई दुहुनो गाई बनाउने काम भएको छ । विशेष गरेर सत्ताका दलहरु अपराधीहरुको संरक्षकको रुपमा मात्र देखिएनन्, भ्रष्टाचारको पाठशाला बने । भ्रष्टाचारले पार्टीको संयन्त्रलाई कब्जामा राखी क्षतविक्षत पुऱ्यायो । पुराना त्यागी नेता तथा कार्यकर्ताहरुलाई पछाडि पार्दै लग्यो ।

झण्डै दुईवर्ष यता सरकारले भ्रष्टाचारको विरुद्धमा गरेको कार्यहरलाई केलाउने हो भने विगतका सरकारहरुकै निरन्तरता देखिन्छ । अझ स्पष्ट रुपमा भन्नु पर्दा विगतका भ्रष्टाचारका काण्डहरुलाई पुड्को तुल्याएको छ । ३३ किलो सुनकाण्ड, वाइड वडी र न्यायोवडी जहाज खरिद प्रकरण, विदेशमा निर्यात गरिएको नेपाली कालो धन तथा तिनको ओसार प्रसार प्रकरण, यातायात सिण्डिकेट, मेलम्ची खानेपानीमा भएको खेलवाड, बुढीगण्डकी आयोजना, ललिता निवास वालुवाटारको जग्गा काण्ड, गोकर्ण रिसोट प्रकरण, दरवारमार्गको सरकारी जग्गा प्रकरण, एनसेल करछली जस्ता काण्ड सबैमा सरकार समर्थित दलका नेता कार्यकर्ता संलग्न रहेको पाइयो । विगतका कमिसन खोर तथा दलालहरु आजका दिनमा विचौलिया भएका छन् । विना कुनै लगानी माध्यमको रुपमा प्रस्तुत भएर धन आर्जन गर्छन्- विचौलियाहरु । यस्ता विचौलियाहरुलाई वर्तमान नियामक छिद्रहरुमा पसेर वा राजनीतिक प्रभाव जमाएर नीति नै परिवर्तन गरेर सुन्दै अत्यास लाग्ने भ्रष्टाचार गरिरहेका हुन्छन् ।

हँसिया र हथौडाको नेतृत्वमा रहेको सरकारले एकातिर 'समृद्ध नेपाल सुखी नेपाली'को नारा अघि सारेको छ भने अर्कोतिर पर्याप्त विकास बजेट खर्चगर्न सरकार असफल भएको छ। विकास खर्चको अवस्थाको ग्राफ निराशाजनक छ । स्थानीय सरकार नियुक्त भएपछि मुलुकको विकास खर्च बढ्ने आशा राखिएको थियो तर त्यसमा तुषारापात भएको छ। चालु आर्थिक वर्षको ५ महिनामा ९ प्रतिशत मात्रै खर्च हुन सकेको छ। विकास (पुंजीगत) खर्चमा सबै मन्त्रालय असफल भएका छन् ।अरु मन्त्रालयको के कुरा गरौं ३५ प्रतिशत विकास बजेट पाएको भौतिक मन्त्रालयको विकास खर्च दुई प्रतिशत मात्रै छ। सरकारको लक्ष्य अनुसार दोस्रो चौमासिक सम्म ६० प्रतिशत खर्च भईसक्नु पर्ने हो । मूलत विकास निर्माण सँग सम्बन्धित मन्त्रालयको खर्च निराशाजनक हुँदा सरकारको प्रतिवद्धता कागजै सिमित भएको छ ।

प्रधानमन्त्रीले आफूलाई जतिसुकै भ्रष्टाचार विरोधी देखाउन खोजेपनि भ्रष्टाचारको सूचकांकमा मुलुकको स्तर सुधार हुन सकेको छैन । ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको सन् २०१८ को भ्रष्टाचार अवधारणा सूचकांकमा नेपालको स्थान १२४ औं देखाएको छ। यो गत वर्षको तुलनामा दुई स्थान तल हो । नेपालले पाएको अंक ३१ हो, जुन गत वर्ष पनि समान थियो। तर वरियता क्रममा भने १ सय २२ औं स्थानमा थियो । सरकारले एकातिर सुशासनको बाँसुरी बजाइरहेको छ भने अर्को तिर कानून उल्लंघन गरी मुलुकको ढुकुटीबाट भएको अनियमित खर्च ६ खर्ब ८३ अर्ब ६६ करोड रुपैयाँ पुगेको छ । यो रकम अघिल्लो आर्थिक वर्षको भन्दा ३६ दशमलव ७१ प्रतिशत बढी हो। अघिल्लो आर्थिक वर्ष कूल वेरुजू रकम पाँच खर्ब आठ करोड रुपैंया थियो। राज्यकोषको आयव्ययको अन्तिम नेखापरीक्षण गर्ने संवैधानिक निकाय महालेखा परीक्षक कार्यालयले सार्वजनिक गरेको ५६ औं वार्षिक प्रतिवेदन अनुसार गत वर्ष मात्रै १ खर्ब ४१ अर्व ५ करोड रुपैयाँ बेरुजु थपिएको छ । यी सूचकांकले सरकारको सुशासनको यात्रालाई गिज्याइरहेको पुष्टि हुन्छ ।

सरकारको गलत कामको खबरदारी गर्नु प्रतिपक्षको दायित्व हो । जनताले नेपाली कांग्रेसलाई प्रतिपक्षको भूमिकामा रहने गरी मतदान गरेका थिए । नेपाली कांग्रेस विभिन्न कारणले गर्दा शसक्त प्रतिपक्षको भूमिकामा देखिएको छैन । भ्रष्टाचारकाविरुद्ध उठाउनु पर्ने मुद्दा हुँदाहुँदै पनि त्यसलाई उठाउन सकेको छैन । नेपाली कांग्रेस विभिन्न गुट, उपगुटमा तथा भागबन्डामा केन्द्रित छ । नेतृत्वलाई चौतर्फी आक्रमण गरिएको छ । काम गर्न दिइएको छैन । पार्टीलाई बन्दीबनाएर नेतृत्वमा बसीरहने, काम नगर्ने प्रवृति वढेर गएको छ । जसको कारणले सरकारले गर्ने भ्रष्टाचारजन्य कामको खवरदारी गर्न सकेको छैन । हुन त यस्तो खवरदारी गर्न कांग्रेसले विभिन्न छायाँमन्त्रीहरु पनि बनाएको छ । तर सन्तोष जनक काम हुन सकेको छैन ।

मुलुकमा सुशासन कायम गर्न विभिन्न प्रयासहरु हुँदाहुँदै पनि सरकार असफल भएको छ । मुलुकमा सुशासन कायम गर्न सरकार इमान्दार ढंगले लाग्दा मात्र संभव छ। त्यतिमात्र होइन कडा कानूनको पनि उत्तीकै खाँचो छ । भ्रष्टाचार गर्नेलाई कडा सजायको व्यवस्था भए मात्र मुलुक सुशासन तर्फ अघि वढ्ने छ। अझ महत्वपूर्ण कुरा के छ भने हामीले हाम्रो शिक्षा नीतिमा परिवर्तन गर्नुपर्छ। व्यक्तिलाई उच्च शिक्षा दिएर मात्र भ्रष्टाचार मुक्त समाज स्थापना हुँदैन । मुलुकलाई भ्रष्टाचारबाट मुक्त गर्ने हो भने विद्यालय, कलेज तथा विश्वविद्यालयहरुमा कोर्षको रुपमा वेदको, गीताको शिक्षा दिन जरुरी छ । प्रतेक विद्यार्थीलाई वचपन अवस्था देखि नै योग, प्राणायम, ध्यानको शिक्षा अनिवार्य गर्नुपर्छ । तवमात्र मानिस चरित्रवान र नैतिकतावान हुन्छन् । जब मान्छे, चरित्रवान र नैतिकवान हुन्छ, तब उसले भ्रष्टाचार गर्ने कल्पना गर्न समेत सक्दैन ।

अन्त्यमा राज्यले हरेक वर्ष शिक्षामा ठूलो रकम खर्च गर्छ अर्थात कुल बजेटको १५/२० प्रतिशत खर्च गर्ने गरेको छ। देशमा ठूला ठूला विद्यालय देखि विश्वविद्यालय वनेका छन् । त्यहाँ देशलाई आवश्यक पर्ने नेता, प्रशासक, न्यायाधीश, पत्रकार, वकिल, डाक्टर, इन्जिनियर लगायत विभिन्न जनशक्ति उतपादन हुन्छ। तर ती व्यक्तिहरुलाई चाहिने नैतिक शिक्षा, वेदको शिक्षा, गीताको शिक्षा, ध्यान, योग लगायत विभिन्न आध्यामित्क शिक्षा हामीले दिएनौ । देशले ती सबै मान्छे पायो, ती मान्छेबाट देशले केहि पाएन - अनि कसरी हुन्छ सुशासन ? यस तर्फ सरकारको ध्यान जानु जरुरी छ । (***खड्का प्रजातान्त्रिक लेखक तथा शिवयोग साधक हुन् ।***)

# नेपालमा बिमा व्यवसाय : सम्भावना र चुनौती



रिसव गौतम

पछिल्ला वर्षहरूमा नेपालमा बिमा गर्नेहरूको जमात बढ्दै गएको देखिन्छ । विश्वव्यापीकरणको प्रभाव, सामाजिक जागरण र चेतनामा भएको वृद्धि, सरकारको पनि केही पहलकदमीका कारण बिमा गर्नेहरूको जमात बढेको देखिन्छ । हालसम्म आइपुग्दा १८ प्रतिशत नेपाली बिमाको पहुँचमा आइपुगेका तथ्यांक छन् । अहिले नेपालमा बिमा समितिबाट इजाजतपत्र लिई ३९ वटा बिमा कम्पनी सञ्चालनमा रहेका छन् । त्यसमध्ये १९ वटा जीवन बिमा कम्पनी रहेका छन् भने २० वटा निर्जीवन बिमा कम्पनी छन् । यसरी पछिल्लो दशक बैंकहरूजस्तै बिमाक्षेत्रले पनि छलाङ मारेको देखिन्छ । सञ्चालनमा आएका धेरै कम्पनीको प्रोफाइल पनि मजबुत नै देखिन्छन् । दर्जनभन्दा बढी जीवन बिमा कम्पनीहरू त बैंकहरूले नै सञ्चालनमा ल्याएका देखिन्छन् ।

वास्तवमै बिमा अपरिहार्य हो । हरेक चिजको बिमा गरिनु आवश्यक देखिन्छ । अझ जीवन बिमा त अपरिहार्य नै छ । बिमा गर्दा हरेक खालका जोखिमका भारहरू बिमा कम्पनीहरूले नै बहन गर्ने कारण मान्छेका तनावहरू कम हुन्छन् । जिन्दगी नै सहज हुन्छ ।

नेपालको सन्दर्भमा वि.सं. २००४ मा निर्जीवन बिमा कम्पनीका रूपमा नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको स्थापना भयो । सोपश्चात् बिमा व्यवसायको सुरुवात भएको हो । विश्वको इतिहास हेर्ने हो भने ५ सय वर्ष पहिले बेलायतबाट बिमा व्यवसायको सुरुवात भएको पढ्न पाइन्छ। नेपालमा दोस्रो बिमा कम्पनीका रूपमा भने २०२४ सालमा आएर राष्ट्रिय बिमा संस्थानको स्थापना भयो । यी दुई सरकारी तवरबाट सञ्चालित संस्थानहरूले आफ्ना गतिविधिहरू अगाडि बढाएको निकै लामो समयपछि मात्रै नेपालमा निजी क्षेत्रबाट पनि बिमा कम्पनीहरू खोलिएका हुन् । नेपालमा निजी क्षेत्रबाट पहिलो पटक २०४४ सालमा नेसनल लाइफ एन्ड जनरल इन्स्योरेन्स कम्पनी स्थापना भएको हो ।

नेपालमा बिमा व्यवसायको सुरुवात भएको ७१ वर्ष पूरा भए पनि लामो समयसम्म उपयुक्त कानुन तथा नीति-नियम नबनेका कारण यो व्यवसाय पछाडि पऱ्यो । ०४६ सालको नयाँ बहुदलीय उदार व्यवस्थापछि मात्रै यस व्यवसायमा निजी क्षेत्रबाट लगानी बढ्न थाल्यो ।

यसरी नेपालमा बिमाको इतिहास भने लामै देखिन्छ । तर, विदेशीहरूको दाँजोमा यो व्यवसाय नेपालमा निकै पछाडि परेको छ । अन्यन्त्र कतिपय देशमा बिमा गर्नैपर्ने चलनहरू छन् । अझ स्वास्थ्य बिमा त अनिवार्य गराइन्छन् । तर, नेपालमा त्यस्तो व्यवस्था नभएकाले पनि यो व्यवसाय पछाडि परेको देखिन्छ । यो व्यवसाय अघि बढ्न नसक्नुको अर्को मूल कारण आर्थिक पनि हो । मानिसहरूले बिमा गर्ने भनेको बचतको अवस्थामा नै हो । बचतका लागि आम्दानीको स्रोत बलियो हुनैपर्छ । देशकै अर्थतन्त्र, रोजगारीको अवस्था सबै अवयवहरू राम्रो हुँदा मात्रै बिमा व्यवसाय मौलाउने हो । पछिल्लो दशक नेपालमा शान्ति सु-व्यवस्था कायम हुँदै गएको छ । रोजगारीका लागि बिदेसिने नेपालीहरू बढेका छन् । फलस्वरूप रेमिट्यान्स पनि बढेको छ । रेमिट्यान्सकै वृद्धि र प्रभावस्वरूप बैंक तथा वित्तीय क्षेत्रदेखि बिमा कम्पनीहरूसमेत मौलाएका हुन् । बैंकहरूको निक्षेप बढाउने कुरामा रेमिट्यान्सले नै अग्रणी भूमिका खेल्यो । जसका कारण उनीहरूले बढेको निक्षेप लगानी गर्न पाए । बिजनेस बढाउने मौका पाए । फलस्वरूप बैंकहरूले शीघ्र प्रगति गरिरहेका पनि देखिन्छन् । बैंकहरूकै अगुवाइमा अहिले बिमाक्षेत्रसमेत फस्टाउँदै गएको देखिन्छ । बिमाक्षेत्र फस्टाउँदै जानुमा मल्टी मिडियाहरूको हात पनि उत्तिकै छ । मानिसहरूमा सचेतनाको वृद्धि नगरुन्जेल बिमाक्षेत्र निश्चय नै अगाडि बढ्न सक्दैन । बिमा भनेको के हो र यो किन आवश्यक छ ? भन्ने कुराको जानकारी हरेक नेपालीमा गराउनु जरुरी छ । उनीहरूलाई उचित ढंगले जानकारी गराइने हो भने यो व्यवसायको भविष्य नेपालमा निकै उज्ज्वल छ । बिमा गर्दा सबैले आफ्ना जोखिमका भार घटाएर सन्तुष्ट जीवनसमेत बाँच्न पाउँछन् । तर, नेपालमा ग्रामीण भेगहरूको त कुरै छाडौं, सहरी क्षेत्रमै पनि बिमाबारे यथोचित बुझाइ जनमानसमा छैन । अझै बिमा गर्ने कार्यलाई सही मान्ने चलन यहाँ छैन । धेरै धनाढ्य र पढेलेखेकाहरूसमेत बिमा गर्ने कार्यहरूबाट चुकेका छन् । त्यसकारण बिमा व्यवसाय बढाउन र मानिसका जोखिमका भारहरू कम गर्न बिमासम्बन्धी तालिम, प्रचारप्रसारजस्ता जनचेतनामूलक अभियान जरुरी छ ।

यद्यपि पछिल्ला केही वर्षयता बैंक तथा वित्तीय संस्थाहरूबाट नै बिमाको पनि सेवा सुरुवात भएयता बिमाको पहुँच बढेको देखिन्छ । बैंकहरूले बिमा कम्पनीहरूसँग बैंकास्योरेन्स अर्थात् बिमा सेवा प्रदान गर्ने अधिकारसहितको सम्झौता गरेका छन् । र, आफूले प्रतिस्पर्धी रूपमा सेवाग्राहीहरूलाई प्रदान गर्ने सेवा सुविधाहरूमा बिमालाई समेट्नुले पनि यो क्षेत्र फस्टाउन पाएको छ । बिमाक्षेत्रलाई नियमन तथा नियन्त्रण गर्न, यसलाई अघि बढाउन हालसम्म बिमा समितिले काम गरिरहेको छ । तर, अहिले बिमा विधेयक संघीय संसद्मा दर्ता छ । दफादार छलफलमा रहेको बिमा विधेयक-०७५ हालको बिमा समितिलाई प्राधिकरणमा रूपान्तरण गर्ने गरी कानुनलाई संशोधन तथा एकीकरण गर्न ल्याइएको छ । जे होस्, बिमाक्षेत्रलाई व्यवसायीकरण, व्यवस्थितीकरण र जनताको सहज पहुँचमा पुऱ्याउन सरकार लागेकै देखिन्छ ।

मूलतः बिमाकम्पनीहरूको चुक्ता पुँजी कम हुनु र उनीहरूले विगतमा आफ्नो स्तर पनि बढाउन नसक्दा जनमानसमा विश्वासको वातावरण बढ्न नसकेको हो । त्यसकारण बिमा कम्पनीहरूको चुक्ता पुँजी बढाउँदै लगेर विश्वासको वातावरण सिर्जना गर्न सक्नुपर्छ ।

नेपाललाई बिमा व्यवसायलाई लिएर विश्वकै उर्भरभूमि मानिन्छ । किनकि नेपालमा जम्मा १७ प्रतिशत मानिसले मात्रै बिमा सेवा लिइरहेका छन् । अपार सम्भावना भएकै कारण बिमाक्षेत्रमा लगानी गर्न नेपालीहरू मात्र होइन, विदेशीहरू पनि लालायित छन् ।

पछिल्ला दशकहरूमा नेपालमा व्यवस्थापन संकायमा विद्यार्थीहरू बढ्का र व्यवस्थापन संकायमा बिमासम्बन्धी विषयगत पठन सामग्रीहरू राखिएकाले पनि बिमा सेवा केही बढेको हो । तर, यसलाई विद्यालय स्तरमै राखिने हो भने सबैले बिमा भनेको के हो र यसबाट फाइदा के हुन्छ ? भन्ने अवगत गराउन सकिन्थ्यो, जसले गर्दा बिमा गर्नेहरू बढ्थे । तर, अहिले त सचेतनाकै अभावले गर्दा विश्वमै सबैभन्दा न्यून प्रतिशत मानिस बिमा गर्ने देशमध्येमा नेपाल पर्छ । आधुनिकताले विश्वव्यापी रूपमा धपक्कै छोपेको परिप्रेक्ष्यमा नेपालमा भने थपिएका सुविधाहरू ग्रहण गर्ने मामिलामा मानिसहरू पछि पर्नु दुःखदायी हो । पछिल्ला वर्षहरूमा सरकारी स्तरबाटै लघुबिमा, कृषिबिमा, स्वास्थ्यबिमालगायतमा भएका पहलकदमी सार्थक देखिन्छन् । त्यसलाई अझै घनिभूत बनाउँदै लैजानुपर्ने आवश्यकता छ ।

अहिले वास्तवमा नेपालीलाई पुग्ने र थेग्ने संख्यामा बिमा कम्पनीहरू खुलिसकेका छन् । सरकारले यस्ता कम्पनीहरूलाई इजाजत पत्र दिएर मात्रै हुँदैन, यस क्षेत्रलाई अझ व्यवस्थित गर्न ऐनहरू संशोधन गर्नुपर्छ । बैंकहरूलाई जस्तै यस बिमा व्यवसायका क्षेत्रलाई अझ व्यवस्थित एवं कडाइ गरेर विश्वासिलो र भरपर्दो बनाउनु जरुरी देखिन्छ । बिमा कम्पनीहरू पुँजीगत रूपमा दरिलो हुनुपर्छ, मानव संसाधन र अधिकर्ताहरू सबै हिसाबले व्यवस्थित हुन जरुरी छ ।

बिमा गर्ने परिपाटीको विकास गर्न सकियो भने त्यसले जनताको बचतमा पनि वृद्धि हुन्छ । जनताले बिमा गर्दा उठाइएको रकम विकास-निर्माणका ठूला आयोजनाहरूमा लगानी हुन सक्छ । खासगरी जीवन बिमा गर्नेहरू बढ्दा लामो अवधिको ठूला कोषहरू खडा हुन्छन् । त्यस्तो कोषको निर्धक्क लगानी बिमा कम्पनीहरूले गर्न सक्छन्, जसले गर्दा बिमा कम्पनीलाई पनि र बिमा गर्ने व्यक्तिलाई पनि उत्तिकै फाइदा हुन्छ । दुवैतर्फी फाइदा हुने यस व्यवसायकै कारण राज्यको आर्थिक गतिविधि बढाउन, कर आय बढाउन, दीर्घकालीन आयोजनाहरूमा लगानीका लागि स्रोत र समग्र आर्थिक विकासमा बिमाले धेरै ठूलो भूमिका खेल्छ । त्यसकारण सरकारी तवरबाट बिमाक्षेत्रप्रति सकारात्मक धारणासहित यसलाई अगाडि बढाउन पहलकदमी आवश्यक छ । आजको जमानामा बिमा अति आवश्यक हो, जुन तथ्य जनतालाई बुझाउन सक्नुपर्छ ।

# कपिलवस्तुको चार ठाउँमा माघी महोत्सव हुने

**कपिलवस्तु/रासस-** कपिलवस्तुको विभिन्न स्थानमा माघी महोत्सव हुने भएको छ । थारू समुदायको नयाँ वर्ष २६४४ र महान पर्व माघी खिचडीका अवसरमा जिल्लाका चार स्थानमा मेला लाग्ने भएको छ । जिल्लाको वाणगङ्गा नगरपालिका, बुद्धभूमि नगरपालिका, शिवराज नगरपालिका र विजयनगर गाउँपालिकामा मेला लाग्ने थारू कल्याणकारी सभा (थाकस) कपिलवस्तुले जनाएको छ ।



वाणगङ्गा नगरपालिकाको गजेहडा, बुद्धभूमि नगरपालिकाको बरकुलपुर र शिवराज नगरपालिकाको चन्द्रौटा तथा भगवान्पुरमा जिल्लास्तरको मेला लाग्ने थारू अगुवा रामबहादुर थारूले बताए । शिवराज नगरपालिका-५, चन्द्रौटामा प्रथम नगरस्तरीय माघी महोत्सव यही माघ २ गते लाग्ने थाकस शिवराज नगरपालिकाको आयोजनामा हुने बताइएको छ । माघी महोत्सव माघ ४ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ ।

थारू समुदायको नयाँ वर्ष २६४४ का अवसर पारेर भव्य पर्वका रूपमा मनाउँदै आएको हुनाले यसलाई व्यवस्थित तरिकाले सांस्कृतिक लक्ष्य पूरा गर्ने उद्देश्यले सञ्चालन गर्न लागिएको थाकस नगर अध्यक्ष इन्द्रबहादुर थारूले बताए । 'थारू संस्कृति संरक्षण, संवर्द्धन आउर प्रवर्द्धन कयना हमन अभियान, न्याय, समानता आउर पहिचान सहितके सीमा बचयना हमन अभियान' भन्ने मूल नाराका साथ सञ्चालन हुने महोत्सव लगातार तीन दिनसम्म चल्नेछ । यस्तै महोत्सवलाई सभ्य र भव्य बनाउन १०१ सदस्यीय मूल समिति गठन गर्नाका साथै जिम्मेवारी बाँडफाँट गरिएको मूल समितिले जनाएको छ ।

कपिलवस्तुको शिवराज नगरपालिका-९, शिवगढी, भगवानपुरमा तेस्रो माघी मिलन सांस्कृतिक महोत्सव-२०७६ यही पुस २८ गतेदेखि हुने भएको छ । भगवानपुर गाउँ समाज समितिको आयोजनामा हुन लागेको महोत्सव तीन दिनसम्म चल्ने आयोजकले जनाएको छ । 'हमन संस्कृति हमनके सान, भूमिपुत्र थारू हमरे बचाई अपन पहिचान' भन्ने मूल नाराका साथ माघ १ गतेसम्म सञ्चालन हुन लागेको महोत्सवका मुख्य आकर्षणहरू थारू पुर्ख्यौली तथा हस्ताकला पौवा, ढेकी, हेल्का, डेलिया, हलो जुवा, छटरी जस्ता सामग्रीको प्रदर्शन, झुम्रा, झररा, लाठी, मयूर, सजनी बिरहानीलगायतका थारू नृत्य, थारू खानाको परिकार, थारू वेशभूषाको प्रदर्शन, थारू समुदायसँग सम्बन्धित संस्कृतिलाई संरक्षण गर्ने उद्देश्यले सञ्चालन गर्न लागिएको बताइएको छ ।

यसैबीच महोत्सवको आकर्षणका केन्द्रविन्दुका रूपमा गायिका तथा मोडल अञ्जु कुस्मी (फूलकुमारी), गायक तथा मोडल राज कुस्मी, आधुनिक, भोजपुरी तथा थारू गायक श्रीनिवास चौधरी, एरेन्जर तथा गायक गणेश चौधरी, गायिका समीक्षा चौधरी, गायक हरिनारायण चौधरी, खेम चौधरी, गायक सरगम चाधरी, गायक सिमान्त चौधरी, गायिका सोनु कुस्मी, मोडल प्रमिला चौधरी, सत्यनारायण फटेरा, मोडल रितु चौधरी, मोडल सुनिता दहित समेतले मनोरञ्जन दिने बताइएको छ ।

त्यसैगरी गायक श्याम सिटी, उत्तम चौधरी, गायक रञ्जित चौधरी, गायक विष्णु थारू, गायिका जया चौधरी, गायक विशाल चौधरी, गायक आर्यन चौधरी, मोडल शारदा चौधरीलगायत स्थानीय तथा राष्ट्रिय कलाकारहरूको प्रस्तुति रहने सांस्कृतिक संयोजक उत्तम थारूले जनाए । माघ महिनामा पर्ने थारू समुदायको माघी पर्वको रौनक अहिले गाउँदेखि सहरसम्म सांस्कृतिक कार्यक्रमले झकमक्क हुने गरेको पाइन्छ ।

# भरतपुरमा पाँचौं क्यान मेला हुने

**भरतपुर/मस-** चितवनको भरतपुरमा पाँचौं संस्करणको क्यान इन्फोटेक मेला हुने भएको छ । माघ २४ देखि २८ गतेसम्म मेला आयोजना गर्न लागिएको आयोजक कम्प्युटर एसोसिएशन नेपाल चितवन शाखाले सोमबार भरतपुरमा पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिएको हो ।

नारायणगढको लायन्सचोकस्थित पुरानो तरकारी बजारमा मेला आयोजना हुनेछ । 'चितवनको समृद्धि, सूचना प्रविधि' भन्ने नारासाथ हुने मेलामा कम्प्युटर हार्डवेयर, सफ्टवयेर, साइबर सुरक्षासम्बन्धी सामग्री, मोबाइल, स्मार्ट टिभी, उच्च शिक्षासम्बन्धी सेवा प्रदान गर्ने र कलेज एवम् परामर्शदाताका ८१ कक्ष रहनेछन् ।

सूचना प्रविधिको क्षेत्रमा भविष्य बनाउन चाहने युवा विद्यार्थीको प्रतिभा देखाउने र प्रोत्साहान गर्ने उद्देश्यले मेला आयोजना गरिएको क्यान चितवन शाखा अध्यक्ष सन्तोषजनक भुसालले जानकारी दिए । उनले सूचना प्रविधि, मनोरञ्जनको क्षेत्रमा जनचेतना अभिवृद्धि गर्नाका साथै युवापुस्तालाई सक्षम, स्वावलम्बी र प्रविधिमैत्री जनशक्ति निर्माण गर्न मेलाले सहयोग पुर्‍याउने बताए । मेलामा पहिलोपटक ह्याकाथन आयोजना गरिने अध्यक्ष भुसालले जानकारी दिए ।

मेलामा आईटीसम्बन्धी अन्तरक्रिया, विभिन्न प्रतियोगिता, डिजिटल नेपाल प्रविधि प्रदर्शनी, जनचेतनामूलक कार्यक्रम तथा सेमिनार, रोबोटिक्स प्रदर्शनी, टोल विकास संस्थाका प्रतिनिधिहरूलाई आईटी सचेतना कार्यक्रम राखिएको छ ।

# सामान्य कसुरमा छुट्दै चिनियाँ



**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ पुस

विद्युतीय अपराधको योजना बनाइरहेको आशंकामा पक्राउ परेका १ सय २२ चिनियाँ नागरिकलाई देशनिकाला गरिने भएको छ । विद्युतीय अपराधको अभियोग प्रमाणित नभएपछि चिनियाँलाई अभद्र व्यवहारको मुद्दामा जरिवाना गरि आइतबार नै अध्यागमनको जिम्मा लगाइएको छ । अध्यागमन विभागले उनीहरुलाई राहदानी दूरुपयोग र अध्यागमन ऐनको आधारमा देशनिकाला गर्ने प्रक्रिया थालेको छ ।

पुष ७ गते काठमाडौंका विभिन्न स्थानबाट सांगठनिक विद्युतीय अपराधमा संलग्न भएको आरोपमा १ सय २२ जना चिनियाँ नागरिक पक्राउ परे । पर्यटक भिसामा नेपाल आएका चिनियाँलाई शंकास्पद गतिविधिका आधारमा पक्राउ परेको २४ घण्टा नबित्दै नेपाल स्थित चिनियाँ दूतावासले सीमापार विद्युतीय अपराधमा संलग्न भएको बतायो । नेपाल प्रहरीले विद्युतीय अपराधमा अभियोगपत्र दर्ता गराएपनि अभियोग पुष्टि गर्न सकेन । सोमबार दोस्रो पटक म्याद थप गर्दा अभद्र व्यवहारको अभियोग उल्लेख गरियो । अनुसन्धान प्रक्रियामा अस्पष्ट हुँदा अपराधको आशंकामा पक्राउ परेका व्यक्ति सामान्य कसुरमा छुट्ने भएका छन् ।

विद्युतीय अपराध प्रमाणित नभएपछि दोस्रो अभियोगका आधारमा काठमाडौं जिल्ला प्रशासनले चिनियाँलाई प्रतिव्यक्ति १ हजार जरिवाना गर्ने फैसला सुनाएको थियो । पक्राउ परेका मध्ये ३० जनाको मात्रै राहदानी भेटिएकाले चिनियाँ दूतावास मार्फत ट्राभल डकुमेन्ट मगाउनुपर्ने भएको छ । राहदानी दूरुपयोग र अध्यागमन ऐनको आधारमा सामान्य अनुसन्धान पछि ४८ घण्टा भित्र चिनियाँलाई देश निकाला गरिनेछ ।

चिनियाँहरुले नेपालमा रहेर विदेशमा समेत विद्युतीय अपराध गर्ने योजना बनाइरहेको प्रहरीको प्रारम्भिक रिपोर्टमा देखिएको थियो । अभियोग प्रमाणित भए सुपुर्दगी सन्धीले कारबाही गर्न अप्ठ्यारो हुने भएकाले पनि मुद्दा कमजोर बनाइएको कतिपयको दावी छ । अपराध अभियोगमा पक्राउ परेका व्यक्ति समान्य कारवाहीबाट मुक्त हुनुले अन्तर्राष्ट्रिय स्तरमा नराम्रो सन्देश प्रवाह हुन सक्ने विज्ञहरु बताउँछन् । कानूनी जटिलता समाधानका लागि सरकारले समयमै ध्यानदिन आवश्यक रहेको विज्ञहरुको भनाइ छ ।


## राहदानी हरायो

मिति २०७६/०९/११ गते सानेपा देखी हरिसिद्धिसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुदाँ पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम :** सन्तोस राई
**पासपोर्ट नं.:** ०९०६३६००
**ठेगाना:** धनकुटा
**सम्पर्क नं.:** ९८२३७७९२२३

## राहदानी हरायो

मिति २०७६/०९/०१ गते गोंगबुदेखी चावहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुदाँ पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम :** Tubindra alaise Prabin Raj Ghale
**पासपोर्ट नं.:** ०८५७१६६७
**ठेगाना:** लमजुङ
**सम्पर्क नं.:** ९८२७२५७४१६



## कतारमा रोजगार | कम्पनी : DALMIA TRADING CONT. &SERVICES WLL

शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७६/०९/२१ चलानी नं.: ६०१४९६५३ LT. No.: 230587

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | स. काममा दक्ष | 900 | २८,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MASON | 3 | 0 | | 1200 | ३७,७५० | | | | | | | |
| 3. | Carpenter | 2 | 0 | | 1200 | ३७,७५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २९ गते (14 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
**लिंक ईन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा. लि.**
टोखा-१०, सामाखुसी, काठमाडौं, (अपोजिट पुलिस पेट्रोल पम्प) फोन : ४३५६६५४, ४३५५९७८, मो.: ९८४९६६४९७१
Email: linkinternationalnepal@gmail.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



## कतारमा रोजगार | कम्पनी : AL BARQIYA CLEARANCE TRANSATION & SERVICES W.L.L

शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७६/०९/२१ चलानी नं.: ६०१४९६५७ LT. No.: 230722

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 20 | 0 | स. काममा दक्ष | 1400 | ४४,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २९ गते (14 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मित्र ओभरसिज सर्भिस प्रा. लि.**
सिनामंगल-९, काठमाडौं, फोन: ०१-४११०६८८
Email: nknabin@gmail.com, mitraoverseas@yahoo.com
श्रम इजाजत नं. २९७/०५८/०५९



## मलेशियामा रोजगार | कम्पनी : GREAT FOAM INDUSTRIES SDN. BHD.

शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/०९/२१ चलानी नं.: ६०१४९६५६ L.T. No.: 230366

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 7 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २९ गते (14 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**RHYTHM OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 865/066/067
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com



## Saudi मा रोजगार | १. कम्पनी : QUEEN TASTE OF SWEETS COMPANY

शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/०९/२१ चलानी नं.: ६०१४९६३८ LT. No.: 230657

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Confectionery Packaging Worker | 5 | 0 | स. काममा दक्ष | 1200 | ३६,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : AL TAAWIN GROUP FOR INVESTMENT शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/०९/२१ चलानी नं.: ६०१४९६३६ LT. No.: 230656

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | स. काममा दक्ष | 1000 | ३०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २९ गते (14 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210



## मलेशियामा रोजगारको अवसर | १. कम्पनी : AISTOP SDN BHD

शहर : PENANG

पूर्व स्वीकृत मितिः २०७६/०९/१६ चलानी नं.: ६०१४९३९१ LT. No.: 230381

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 19 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : BRUSIA ENGINEERING SDN. BHD. शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/०९/१६ चलानी नं.: ६०१४९३८९ LT. No.: 230385

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker. | 2 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : MASTER MATERIALS MANUFACTURING SDN BHD शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/०९/१६ चलानी नं.: ६०१४९३९० LT. No.: 230387

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 3 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी : YIH LIAN INDUSTRIES SDN BHD शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/०९/१६ चलानी नं.: ६०१४९३८८ LT. No.: 230389

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 13 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनी : RINDA FOOD INDUSTRIES SDN.BHD शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/०९/१६ चलानी नं.: ६०१४९४२६ LT. No.: 230388

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 24 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २९ गते (14 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लाइफ ईन्टरनेशनल ओभरसिज प्रा. लि.**
महाराजगञ्ज, काठमाडौं, फोन: ४४३९८५४, ४४३८१९८,
मो. : ९८५११४५०५०, ९८०११२२५६, ९८०१११२२५३
श्रम इजाजत नं. ७६०/०६५/०६६



## साउदीमा रोजगारको अवसर | १. कम्पनी : FAGHAN AL-KHALDI CONT. EST.

शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/०९/२१ चलानी नं.: ६०१४९६४५ LT. No.: 230448

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Metal Scaffolding Installation Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor | 8 | 0 | | 1000 | ३०,५४० | | | | | | | |

२. कम्पनी : LAYAN FOODS COMPANY LIMITED शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/०९/२१ चलानी नं.: ६०१४९६४४ LT. No.: 230452

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३६,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : FAGHAN AL-KHALDI CONT. EST. शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/०९/२१ चलानी नं.: ६०१४९६४९ LT. No.: 230451

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Metal Scaffolding Installation Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : FAGHAN AL-KHALDI CONT. EST. शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७६/०९/२१ चलानी नं.: ६०१४९६४७ LT. No.: 230449

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Metal Scaffolding Installation Worker | 8 | 0 | | 1000 | ३०,५४० | | | | | | | |
| 3. | thermal insulation factor | 15 | 0 | | 1000 | ३०,५४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २९ गते (14 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. २ को नि:शुल्क अन्यको रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**हेराल्ड ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५१३/०६१/०६२
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोन: ४४७५३३९, ४४६८६९७, ४४७६६०३

# लहैलहैमा होइन बुझेर आउनुपर्छ अध्ययनलाई अष्ट्रेलिया

**नारायण अधिकारी/रासस**
मेलबर्न, २१ पुस

अध्ययनको लागि नेपाली युवापिँढीको आकर्षणक गन्तव्य अष्ट्रेलिया बन्ने गरेको छ । चीन र भारत पछि सबैभन्दा बढी यहाँ विद्यार्थी आउने देश पनि नेपाल हो । कक्षा १२ पढेर अष्ट्रेलिया आउने सपना धेरै विद्यार्थीले देख्ने गर्दछन् । तर लहैलहैमा यहाँ आउनेहरूले निकै दुःख पाउने गरेको यहाँका अनुभवीहरू बताउँछन् । बुझेर आउनेका लागि भने भविष्य उज्वल भएको यहाँ रहेका नेपालीको भनाइ छ ।

गैरआवासीय नेपाली महासंघ अष्ट्रेलियाका अध्यक्ष केशव कँडेल यहाँ आफ्ना सन्तान पठाउनुअघि अभिभावक र स्वयम् विद्यार्थीले विचार पुर्‍याउन नसक्दा दुःख पाउने गरेको बताउँछन् । उनका अनुसार सुजबुझबिना आउनेले विभिन्न समस्या भोगेको पाइन्छ । आधिकारीक तथ्यांक नभए पनि एक लाख ५० हजारभन्दा बढी नेपाली अष्ट्रेलियाको विभिन्न सहरमा अध्ययन र काममा छन् । कँडेल संख्या बढिरहेको भन्दै गएको ६ महिनामा ४६ हजार विद्यार्थी यहाँ आएको बताउँछन् ।

सन् १९७५ देखि नेपाली अष्ट्रेलिया आउन थालेको बताइन्छ । यो क्रम क्रमशः बढ्दै आएको हो । पूर्वतयारी बिना आएका विद्यार्थी यहाँ रोजगारी नपाउने, क्याम्पस शुल्क तिर्न नसक्ने, बस्न-खानदेखि विभिन्न समस्या भोग्न बाध्य छन् । यससँगै परिवार र यहाँको दोहोरो दबाबका कारण मानसिक समस्यामा पर्ने गरेका छन् ।

यस्तै नक्कली बिहे, नक्कली लाइसेन्स र सीप नजानी प्रमाणपत्रमात्र बोकेर आउने जोकोहीका लागि अष्ट्रेलियामा समस्या बन्ने गरेको छ । मेलबर्नको एक प्रतिष्ठित अस्पतालमा कार्यरत अजिता दवाडी मानसिक समस्या बोकेर नेपाली विद्यार्थी आउने गरेको बताउँछन् । उनले भने, 'नेपालमा अभिभावकले पैसा पठाउन दबाब दिने यहाँ काम नपाएर वा पाएर पनि क्याम्पसको शुल्क तिर्न कठिन हुँदा विद्यार्थी मानसिक समस्यामा पर्ने गरेका छन् ।'

गैरआवासीय नेपाली महासंघका अध्यक्ष कँडेल अष्ट्रेलिया नेपालीका लागि महत्वपूर्ण गन्तव्य भएको भन्दै बुझेर आउनेका लागि भविष्य उज्वल भएको बताउँछन् । उनको भनाइमा नेपाली विद्यार्थी कम्तीमा स्नातक वा स्नातकोत्तर गरेरमात्र अष्ट्रेलिया आउनुपर्छ । आउनुअघि सीप लिएरै आउनुपर्छ । घरभित्रका नियमित कामदेखि सीपमा कफी बनाउने, वेटर, हाउसकिपिङ, फ्रन्टडेस्क, कार्यालय सहयोगी जस्ता कुनै न कुनै काम जानेकै हुनुपर्छ । यससँगै नक्कली नभएर गाडी चलाएर चालक अनुमतिपत्र लिएरै आउनुपर्ने उनको सुझाव छ । प्रमाणपत्रमात्र होइन काम जानेरै आउन सुझाव दिँदै उनी योग्यता र सीपमा दक्ष र सक्षम भएर आउनुपर्ने बताउँछन् ।

अष्ट्रेलियाका लागि नेपाली राजदूत महेशराज दाहालले यहाँका बारेमा आफैँ नबुझी सीपबिना आउनेहरूका लागि शुरुका दिनहरू निकै कठिन भएको भन्दै प्राविधिक र व्यावसायिक तालीम लिएर आउनुपर्ने बताउँछन् । सबै कामको यहाँ उत्तिकै सम्मान भएको भन्दै उनले कम्तीमा एउटा सीप भयो भने निकै सहज हुने बताए । नेपाली विद्यार्थीहरूले कुनै समस्या परेमा तत्काल राजदूतावास, गैरआवासीय नेपाली महासंघका प्रतिनिधिलगायतसँग सम्पर्क गर्न र यी संघसंस्थाका वेबसाइट अध्ययन गर्न दाहालले सुझाव दिए ।



परामर्शदाता कम्पनी छनोट गर्दा अष्ट्रेलियामा शाखा भएको, दर्तावाला, माइग्रेशन एजेन्ट भएको छान्ने र त्यो हो/होइन विद्यार्थीले गुगलमा खोजी गर्नुपर्ने भन्दै उनी एउटैमा मात्र निर्भर नभएर राम्रो गरी परामर्शदाता कम्पनी छान्नुपर्ने सुझाउँछन् ।

यहाँ ख्याति प्राप्त विश्वविद्यालय छान्न र अध्ययनमा ध्यान दिनुपर्ने भन्दै कँडेलले कुन सहरमा आउने हो सो सहरका बारेमा राम्रोसँग अध्ययन गर्न विद्यार्थीलाई सुझाव दिए । आफ्ना इष्टमित्र, साथीभाइ भएको सहर छान्न, एक वर्षका लागि आवश्यक खर्च व्यवस्थापन गरेरमात्र आउन (करिब आठ हजार डलर), एक वर्षका लागि विश्वविद्यालय शुल्कको तयारी घरबाटै गर्न र अक्टोबरको सत्रमा नआउन कँडेलको सुझाव रहेको छ ।

अष्ट्रेलियामा पढाइका लागि यहाँ सामान्यत दुई र केही विश्वविद्यालयमा तीन सत्र हुने गर्दछ । अक्टोवर, मार्च र जुलाई सत्र हुने गर्दछ । जुलाई सत्रपछि बिदा पर्ने भएकाले विद्यार्थीलाई काम खोज्ने अवसर मिल्ने गर्दछ ।

परामर्शदाता कम्पनीले जहाँ आफूलाई नाफा बढी हुन्छ त्यही भर्ना गरिदिने भएकाले विश्वविद्यालय आफैँ छान्नुपर्ने जानकारहरू बताउँछन् । कँडेल यहाँ आएपछि विद्यार्थीलाई छिटो साथी बनाउन, हरेक विश्वविद्यालयमा स्टुडेन्ट वेलफेयर सपोर्ट अफिसर हुने भएकाले भेट गरी आफ्नो समस्या राख्न सुझाव दिन्छन् । ती सुविधा विद्यार्थीले निःशुल्क पाउँछन् ।

अष्ट्रेलियमा २४ वर्षअघिदेखि बसोबास गर्दै आउनुभएका चितवनका विष्णु अधिकारी विद्यार्थीलाई एक्लो महसुस नगर्न सुभाव दिन्छन् । यहाँको यति फुटबल क्लबका संस्थापक अध्यक्ष अधिकारी हरेक सहरमा नेपालीका विभिन्न खेल र गतिविधि हुने भएकाले ती गतिविधिमा सहभागिता हुँदा एक्लोपनको महसुस नहुने र साथीभाई भेटघाटसँगै सहयोग आदानप्रदान हुने बताउँछन् ।

उपयोगी विषयमा अध्ययन गर्न सकेमा भविष्यमा यहाँमात्र नभएर नेपाल फर्किंदासमेत रोजागारीको अवसर मिल्ने उनको भनाइ छ । अष्ट्रेलियाको कानून तथा सामाजिक चालचलन बुझ्न र आफ्नो जीवन बीमालाई निरन्तरता दिन उनी सुझाव दिन्छन् । यहाँ आउँदा नै महिला र पुरुषले एकअर्कालाई सम्मान गर्न र रोजगारीका क्रममा जस्तोसुकै काम इमान्दारिताका साथ गर्छु भन्ने प्रतिबद्धताका साथ आउन अधिकारीको सुझाव छ । अष्ट्रेलियामा बस्ने नेपाली आप्रवासी समुदायमध्ये दोस्रो सबैभन्दा बढी रोजगारी गर्ने समुदायमा पर्दछन् । पहिलो ब्राजिल हो ।

# बन्ने भयो साढे एक हजार दलितको घर

**सप्तरी/रासस–** जनता आवास कार्यक्रमअन्तर्गत सप्तरी र सिरहाका करिब साढे एक हजार दलितको पक्की घर निर्माण हुने भएको छ । संघीय सरकारको बजेटबाट चालू आवको असारभित्र सप्तरी र सिरहामा एक हजार ४३२ पक्की आवास निर्माण हुन लागेको सहरी विकास तथा भवन कार्यालय राजविराजले जनाएको छ ।

सप्तरी र सिरहा जिल्ला हेर्ने गरी राजविराजमा सञ्चालित कार्यालयका प्रमुख कृष्णदेव झाले डोम र मुसहरका लागि सप्तरीमा ६६६ र सिरहामा ७६६ वटा पक्की आवास निर्माण हुने जानकारी दिए । बार्दलीसहित दुईकोठे पक्की भवनका लागि सरकारले प्रतिघर रु तीन लाख ३२ हजार ५०० का दरले बजेट छुट्याएको छ । घरसँगै शौचालय निर्माणका लागि थप रु १० हजार उपलब्ध गराइने कार्यालय प्रमुख झाले बताए ।

डोमको बसोबास खासगरी ऐलानी, पर्ती, नहर तथा सडक डिल र अरूको निजी जग्गामा रहेकाले घर निर्माण प्रक्रियामा व्यावहारिक कठिनाइ रहेको छ । स्थानीय तहले जग्गा व्यवस्थापन नगरेसम्म घर निर्माण सम्भव नदेखिएकाले सप्तरी जिल्लाका १८ वटै स्थानीय तहलाई जग्गा व्यवस्थापनबारे कार्यालयले पत्राचार गरेको छ ।

'स्थानीय तहले जग्गाको सिफारिस गर्नासाथ तत्कालै निर्माण कार्य अगाडि बढ्नेछ,' कार्यालय प्रमुख झाले भने, 'घर निर्माण गर्न बजेट निकासा भइसकेकाले स्थानीय तहको सिफारिस चाँडै आएमा असार मसान्तभित्र पक्की घर निर्माण कार्य सम्पन्न हुनेछ ।' कतिपय स्थानीय तहले जग्गाको प्रक्रिया अगाडि बढाएको समेत उनले बताए ।

आवासविहीन, लोपोन्मुख, सीमान्तकृत, दलित र विपन्न मुस्लिम समुदायका लागि प्रत्येक वर्ष २० हजार आवास निर्माण गर्ने लक्ष्यका साथ शुरु भएको जनता आवास कार्यक्रममा १० वर्षको अवधिमा करिब २० हजार घर निर्माण भएका छन् । आवासहीनलाई घर उपलब्ध गराउने उद्देश्यले २०६६/६७ मा कार्यक्रम शुरु भएको थियो । सिरहा, सप्तरी र कपिलवस्तुबाट प्रतिवर्ष एक/एक हजार घर निर्माण गर्ने लक्ष्यका साथ थालिएको जनता आवास कार्यक्रम हाल सबै जिल्लामा विस्तार भएको छ ।

तराईका विपन्न डोम, मुसहरलगायतका दलित र विपन्न मुस्लिमका लागि भनेर थालिएको जनता आवास कार्यक्रम पहाडका दलित दमाईं, कामी, सार्कीका साथै लोपोन्मुख, सीमान्तकृत कुसुण्डा, राउटेलगायत जातिका लागि लक्षित गरिएको छ । उक्त कार्यक्रमबाट तराईमा प्रतिजिल्ला २०० देखि १० हजार र पहाडमा ५० देखि १०० जनता आवास एकाइ बनाउने योजना छ ।


## कम्पनी गाभिएको सूचना

गाभ्ने र गाभिने कम्पनीहरुको मिति २०७४/११/०१ गते सम्पन्न संयुक्त मर्जर समितिको निर्णयद्वारा पारित प्रस्ताव बमोजिम लावण्या आयुर्वेद नेपाल प्रा.लि. नं. (१७८५२७) मा लावण्या लक्जरी आयुर्वेद प्रा.लि. नं. (८१०१६) लाई गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पुर्ण सम्पती र दायित्व हालको कम्पनीले व्यहोर्ने सकार्ने गरि लावण्या लक्जरी आयुर्वेद प्रा.लि. नं. (८१०१६) लाई लावण्या आयुर्वेद नेपाल प्रा.लि. नं. (१७८५२७) मा गाभ्न मिति २०७६/०५/१० को निर्णयानुसार सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/०९/२२

यस कम्पनीको मिति २०७४/१२/३० मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **हड्रेड स्टार इन्टरनेशनल स्कुल प्रा.लि. (प्रा.लि.नं. ६९४०८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७५/०१/०६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मिल्की वे इङ्लीस स्कुल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## साउदी अरबमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ANSAB GENERAL CONTRACTING CO. शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७६/०९/२१ चलानी नं.: ६०१४९६०७ L.T. No.: 230692

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labour | 23 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Road Equipment Driver | 5 | 0 | | 2500 | ७६,३५० | | | | | | | |
| 3. | Heavy Driver (Truck) | 4 | 0 | | 1800 | ५४,९७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा पुस २९ गते (14 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Career International Services Pvt. Ltd.**
धुम्वाराही, पिपलबोट, काठमाडौ, फोन : ४००९६४१, ४००९६४३
Email: cisnpl@wlink.com.np, Website: www.cisnepal.com
Govt Lic. No. 646/063/064



## SAUDI मा रोजगार | कम्पनी: DAR AL-FADHIL FACTORY शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७६/०९/२१ चलानी नं.: ६०१४९६५० L.T. No.: 230307

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Labor | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Filling & Packging Worker | 4 | 0 | | 1000 | ३०,५४० | | | | | | | |
| 3. | Prepaping Vegetables & Fruits Labour | 3 | 0 | | 1000 | ३०,५४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा पुस २८ गते (14 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

